# द्वितीय अध्याय

## कथा र उपन्यास साहित्य

# कथा र उपन्यास साहित्य

==========================================================

कथा - विश्वको सबै भन्दा प्राचीन विधा कथा हो । यसको प्रारम्भिक रूप मौखिक थियो त्यसपछि मात्र लिखित रूप देखा पर्‍यो । यी प्राचीन कथाहरूले मनोरञ्जन गर्नुको साथसाथै मनुष्यको जिज्ञासु वृत्तिलाई पनि सन्तुष्ट पार्ने काम गर्थे ।

वैज्ञानिक आविष्कारहरूको प्रगति सँगसँगै साहित्यिक विधाहरूको रूपमा पनि परिवर्तन आउँदै गयो । विज्ञानको प्रगतिले गर्दा मनुष्यको दृष्टिकोण स्थूलबाट सूक्ष्म र सूक्ष्मबाट झन सूक्ष्म हुँदै गयो । यसैको परिणामस्वरूप आधुनिक विश्व साहित्यमा कथा साहित्यले महत्वपूर्ण स्थान ओगट्यो ।

आधुनिक कथा साहित्यको जन्म थलो अमेरिका हो । नैथेनियल हथर्न ई० (१८०४ - १८६४) पहिलो अमेरिकी कथाकार हुन् । शुरु शुरुमा कथा र उपन्यासमा अलग अलग लक्षण देखापरेका थिएनन् जब एडगर एलेन पो (१८०९ - १८४९) नामक अमेरिकी विद्वानले नैथेनियल हथर्नका कथाहरूको प्रशंसा गर्दा कथाको परिभाषा दिए अनि मात्र कथाले एउटा विधाको रूप धारण गर्‍यो । पोले कथाको परिभाषा दिंदै पूर्व निश्चित प्रभाव र एकान्मुखतामाथि बल दिए । पो भन्दा अघि लेखिएका कथाहरूमा भौतिक र सामाजिक कथानकलाई लिएर घटना प्रधान कथाहरू लेखिएका थिए । पोले सर्वप्रथम चरित्र प्रधान कथाहरू लेखे । आधुनिक कथामा पाइने फ्रायडीयन मनोविश्लेषणको सूत्रपात कथा साहित्यमा पोले नै धेरै पहिले गरिदिएका थिए । दु:ख, अवसाद, मृत्यु र हत्याको चित्रण जुन आजको कथा जगतको मुख्य विषय हो त्यसलाई धेरै पहिले पोले आफ्ना कथाका विषय बनाइसकेका थिए । फ्रायड भन्दा पहिले नै पोले आफ्ना कथाहरूमा दुई व्यक्तित्व, व्यक्तित्व विभाजन र आन्तरिक द्वन्द्व जस्ता आधुनिक साहित्यका

मुख्य विषयवस्तुलाई आफ्नो कथामा प्रयोग गरिसकेका थिए ।[१] अरु ख्याति-प्राप्त अमेरिकी कथाकारहरु हुन्-वाशिंगटन् इर्विंग (१७८३ - १८५६), ब्रेट हार्ट (१८३६ - १९०२), ओ हेनरो (१८६२ - १९१०), शेरवुड अन्डरसन (१८७६ - १९४१), एफ स्कट फिट्जरल्ड (१८९६ - १९४०), अर्नेष्ट हेमिंग्वे (१८९९ - १९६१) आदि ।

नेथेनियल हथर्नका कथाहरुमा युद्धोत्तरकालीन बेकारी, अवसाद, विपन्नता र यौन समस्याको चित्रण पाइन्छ । एडगर एलेन पोका कथाहरुमा मृत्युको चित्रण, स्वप्नको मनोविश्लेषण, आकस्मिकता आदि देखाइएको छ । ओ हेनरोले न्यूयोर्क शहरको चित्रण सजीव ढङ्गले गरेका छन् । एफ स्कट फिट्जरल्डले निराशा र मासिक कुण्ठाग्रस्त चरित्रहरुको चित्रण गरेका छन् । अर्नेस्ट हेमिग्वेले आफ्ना कथाहरुमा मरेका स्त्रोहरु, जानवरहरु, सिपाहीहरु र समाजका भ्रष्ट चरित्रहरुको भयानक चित्रण गरेका छन् ।

हथर्न र एडगर एलेन पोका कथापछि यो कहानी कलाको रुप फ्रान्स पुग्यो । फ्रान्समा कथा र आख्यायिकाहरुको लामो परम्परा पनि थियो त्यसैले नयाँ कलारुपको विकास यहाँ छिट्टै भयो । अनरे द बाल्जाक (१७९९ -१८५०), प्रास्पे मेरिमे (१८०३ - १८७०), तेओफिल् गोतिए (१८११ - १८७२), गुस्ताव् फ्लुवर्ट (१८२१ -१८८०), एमिल जोला (१८४०-१९०२), अनातोले फ्रांस् (१८४४-१९२४), गी द मोपासा (१८५० - १८९३), आन्द्रे जीद् (१८६९ - १९५१),

-------------------------------

1 "He knew what the death-wish was long before Freud defined it. He was in love with violence, half a century before Hemingway was born. He knew how to create suspense before the psycho-thriller was thought of. He used the theme of double self, before the term split-personality was invented and most important was endlessly concerned with inner conflict, the major theme of present day literature." Philip Von Doren, Edger Allen Poe, p.5

अल्बर्ट कामु (१९१३-१९६०) आदि मुख्य फ्रान्सेली कथाकार हुन् । बाल्जाक्ले आफ्ना कथाहरूमा फ्रान्सको यथार्थवादी वातावरणको चित्रण गरेका छन् जसमा जमीनदारको शोषण र अत्याचारको झलक पाइन्छ । मोपासाका कथाहरूमा निर्मम र तीखो व्यंग्य, मानवका नैतिक दुर्बलता प्रति प्रहार, उच्च वर्गका व्यक्ति-हरूको वैभव, विलास र दीन किसानहरूको करुण गाथाको चित्रण पाइन्छ । मोपासा पछिका एमिल जोला फ्रान्सका प्रसिद्ध प्रकृतिवादी कथाकार हुन् । उनले पेरिसको समाजको विकृति, चारित्रिक दुर्बलता, त्यहाँको विलास र वैभव, वेश्या-वृत्ति आदिको स्वाभाविक र नग्न चित्रण गर्नुका साथै त्यहाँका दयनीय व्यक्तिहरूको कारुणिक स्थितिको चित्रण खूबै मार्मिक ढङ्गले गरेका छन् ।

अमेरिकामा कथाको विकास द्रुतगतिले भएकै बेलामा जर्मनीमा पनि ई० टी० ए० हॉफ्मान् (१७७६ - १८२२), पाउल् हैस् (१८३० - १९१४) र टमस् मान् (१८७५ - १९५५) पनि कथा लेख्न थालेका थिए । मोपासा, बाल्जाक् र जोलाले फ्रान्समा कहानी कलालाई समृद्ध बनाइरहेको बेलामा रूसमा पनि कहानी कलाको समृद्ध रूप देखियो । रूसमा धेरै कालसम्म जारको शासन थियो । पूँजीपतिहरू निरंकुश, विलासी र प्रजामाथि अत्याचार गर्ने बानिपरेका थिए । यहाँ पूँजीपति-हरूको भन्दा दीन किसानहरूको संख्या धेरै बढी थियो तर अरू यूरोपीय देशहरूको तुलनामा शिक्षाको प्रचार यहाँ धेरै भएकाले तिनीहरूमा विशेष चेतनाको प्रचार भयो । कार्ल मार्क्सको प्रभावले गर्दा त्यहाँका चेतनशील, सुसंगठित मजदूर र श्रमिक-हरूको शक्तिले पूँजीपतिहरूको विरोधमा एउटा क्रान्ति गर्‍यो । साम्यवादको प्रचार हुन थाल्यो । यसैको प्रभाव त्यहाँको कथा साहित्यमा पनि पर्‍यो ।

रूसमा कहानी कलाको अर्कै रूप देखियो । अहिलेसम्म यूरोपीय कथा साहित्यमा उच्चवर्गको भव्य जीवन र जगत कै बढी चित्रण हुन्थ्यो भने अब कथाकार-हरूको ध्यान, दलित, पीडित र उपेक्षितहरूमा धेरै जान थाल्यो । यथार्थवाद र प्रकृतवादले यहाँ उपयुक्त वातावरण पायो । रूसी कथाकारहरूमा मुख्य हुन् - अलेक्ज्येण्डर सर्जिविएच् पुश्किन् (१७९९ - १८३७), निकोलाइ वासिलिएविच्

गोगोल् (१८०६-१८५३), इवान् सर्जिविरच् तुर्गनेव् (१८१८-१८८३), फ्योदोर मिखाइलोविच् दोस्तोएव्स्को (१८२१-१८८१), लियो टल्सटोय (१८२८ -१९१०), यान्तन् पाब्लोविच् चेखव (१८६० -१९०४), माक्सिम् गोर्की (१८६८-१९३६)।
पुश्किनले जनजागरणको बिकुल फुकेर रूसी जनतालाई क्रान्तिको सन्देश सुनाए । दस्तोएव्स्कीले विदिप्त र मानसिक रोगले सताइएका चरित्रहरूको चित्रण गरे । टल्सटोयका कथाहरूमा कोमल अभिव्यक्ति र आध्यात्मिक चेतनाले स्थान पायो । चेखवका कथाहरू त अद्वितीय छन् । उनी साना साना नगण्य घटनाहरूद्वारा चरित्रको उद्घाटन गर्दछन् । यथार्थवादको वास्तविक चित्र, स्वतन्त्र आत्माको निर्भीक पुकार, निरंकुश जमीनदार र पूँजीपतिहरूको दमन नीतिको हृदयग्राही तस्वीर उनका सुसंगठित कथानकहरूले प्रस्तुत गरेको छ । उनका चरित्रहरू यथार्थ जीवनबाट टिपिएका मनोवैज्ञानिक छन् । उनी आफ्ना छोटा छोटा कथाहरूमा धेरैभन्दा धेरै जीवन थपिदिन्छन् । तुर्गनेवले पनि चेखवले जस्तै रूसका जमीनदार र पूँजीपतिहरूको अत्याचार, दमन र शोषणको मार्मिक चित्रण गरेका छन् । तुर्गनेव, चेखव, गोर्की र टल्सटोयले संवेदनात्मक कहानीहरू नै लेखेर मजदूर र दीन जनताको दुर्दशाको चित्रण गरे । जीवनको विविधता र अनेक रूपता यी कहानीहरूमा पाइँदैन ।

वेलायतमा कहानी कलाको प्रारम्भ धेरै ढिलो भयो । जुन बेला रूस र फ्रान्समा कहानी कलाको द्रुत गतिले विकास भइरहेको थियो त्यस बेला अंग्रेजी साहित्यमा नाटक निबन्धहरू नै लेखिंदै थिए । यहाँ उपन्यास लेखनको कार्य सत्रौं शताब्दीको मध्यदेखि नै शुरू भएको थियो तर कहानी कलाको लोकप्रियता भने उन्नाइसौं शताब्दीका अन्तिम दिनहरूमा मात्र भयो । अंग्रेजी कथाकारहरूमा रबर्ट लुई स्टीवेन्सन, मेरेडिथ, जन ग्याल्सवर्दी, आर्थर कोनन डायल, टमस हार्डी, आस्करवाइल्ड, रूडयार्ड किप्लिङ्ग, हर्बर्ट जर्ज वेल्स, डी० एच० लरेन्स, वैनेट र समरसेट ममको नाम विशेष उल्लेखनीय छ । स्टीवेन्सनका कथाहरू समस्या मूलक र चरित्र प्रधान छन् । ग्याल्सवर्दीका कथाहरूमा इङ्गलैण्डको उच्चवर्गीय जीवन प्रति तीखो व्यंग्य र गरीबहरू प्रति सहानुभूति प्रदर्शित गरिएको छ । कोनन डायलका कलात्मकताले सिंगारिएका कौतूहल र आश्चर्य उत्पन्न गर्ने खाल्का छन्

भनें किपलिंगका कथाहरूले मनोरञ्जनपूर्ण घटनाहरू र प्राकृतिक जीवनका अनुभूतिहरूलाई संगालेका छन् । एच० जी० वेल्सका कथाहरू वैज्ञानिक छन् जसमा भाग्यका प्रति व्यंग्य गरिएको छ । डी० एच० लरेन्सका कथाहरूमा मनोविश्लेषण र सेक्सको अभिव्यक्ति पाइन्छ । समरसेट ममका कथाहरूले पुरुष र स्त्री प्रकृतिमा पाइने भिन्नताको चित्रण प्रस्तुत गर्छन् ।

अंग्रेजी भाषामा आधुनिक कथालाई सर्ट स्टोरी भनिन्छ । अंग्रेजी साहित्यको प्रभाव नेपाली साहित्यमा परेपछि मात्र आधुनिक कथाहरू लेखिन थालिए । आधुनिक नेपाली कथाहरूको प्रारम्भ वि० सं० १९९१ देखि काठमाण्डूबाट प्रकाशित भएको 'शारदा' पत्रिकाबाट भएको हो ।

आधुनिक कथाको सूत्र प्राचीन आख्यायिका र प्राचीन कथाहरूमा खोज्नु उचित होइन कारण यसको आविर्भाव, उत्पत्ति र विकासको परिस्थिति एकदमै भिन्न छ । यो पश्चिमेली जगत्मा भएको सामाजिक, आर्थिक र राजनैतिक परिवर्तनले ल्याएको पश्चिमी साहित्यको योगदान हो । द्वितीय विश्व युद्ध पछि पश्चिमेली देशहरूले भोगेको मानसिक कुण्ठा अनैतिकता, बेरोजगारी, निराशा, त्रास र अवसादको वातावरणले साहित्यमा धेरै वादहरूको जन्म भयो । आजको आधुनिक नेपाली कथा पनि यिनै वादहरूबाट प्रभावित भएर लेखिएको छ ।

उपन्यास - साहित्यका अरू विधा जस्तै उपन्यास पनि एउटा साहित्यिक विधा हो । यो आफ्ना विशेष लक्षणहरूले गर्दा विश्व साहित्य जगतमा नै एउटा नवीन र विलक्षण विधा हुन पुगेको छ । आधुनिकताले जन्माएको यो उपन्यास साहित्यको जन्म थलो पश्चिम नै हो भन्ने सबै विद्वानहरूको राय छ । त्यसैले आधुनिक उपन्यास साहित्य भन्ने वित्तिकै एउटा उडान पश्चिमतिर लगाउनु पर्छ ।

जे० एम० कोहेनको विचारमा पश्चिमेली उपन्यास साहित्यको जन्म सोह्रौं शताब्दीको उत्तरार्द्धमा स्पेनमा भयो ।[१] १५५४ ई० मा एउटा अज्ञात लेखकले लेखेको

१ जे० एम० कोहेन, ए हिस्ट्री अफ वेस्टर्न लिटरेचर, पृ० १९९-२०० ।

' तोम्सको लाजारिल्लोको जीवनी ' (Lazariloo de Tarmes) लाई उनले पहिलो उपन्यास ठहराएका छन् । यसमा एउटा धूर्त मान्छेको ( Picaresque) जीवनी दिइएको छ । यसै पुस्तकको जन्म पछि नै उपन्यास साहित्यमा ' पिकारेक्स ' उपन्यासले पनि जन्म लियो । यी उपन्यासहरूमा भ्रमणशील र धूर्त पात्र हुन्थे र जसको उद्देश्य तत्कालीन सम्पन्न व्यक्तिहरूको तुच्छताको उद्घाटन गर्नु हुन्थ्यो ।

अंग्रेजी साहित्य का विद्वान इतिहासकार जर्ज सेन्टसबरीले अंग्रेजी उपन्यास साहित्यको जन्म प्रेमाख्यान द्वारा भएको हो भनेका छन् । उनको विचारमा उपन्यास साहित्यलाई प्रेमाख्यान भन्दा बेग्लै ठान्नु तार्किक र मानसिक विभ्रम हो ।[१]

यसबाट यो स्पष्ठ हुन्छ कि उपन्यासमा प्रेम तत्व नै प्रमुख रहेको छ । महाकाव्यको मूलस्रोत पनि प्रेम तत्व नै हो । महाकाव्यबाट नै उपन्यास साहित्यले यस तत्वलाई ग्रहण गर्‍यो । उपन्यासको जन्ममा प्रेम तत्वको मुख्य हात भए तापनि यसको सम्बर्धन र विकासमा भनें स्पेनमा जन्मेको पिकारेक्स उपन्यासले ठूलो प्रभाव पारेको देखिन्छ । यसको सम्बन्धमा डब्लू० एल० क्रसले लेखेका छन् कि पिकारेक्स उपन्यासहरूले प्रेमाख्यानलाई परोक्ष प्रहार गरेको छ ।[२]

यसरी ' रोमान्स ' का नामबाट लेखिएका प्रेमाख्यानहरू र साहस, धूर्तता र उडन्ते चित्रणले भरिएका काल्पनिक कथाहरूको माध्यमबाट वास्तविक जीवनको जटिलतालाई उपन्यासले ग्रहण गर्‍यो । यसबाट एउटा अपूर्व, विलक्षण र नितान्त नवीन विधाको शुभारम्भ आधुनिक साहित्य जगतमा भयो । यसलाई धेरै युरोपीय भाषाहरूले ' नवीन ' भन्ने संज्ञा दिए ।

-------------------------------

1 G. Saintsbury, English Novels, p.8

2 W.L.Cross, Development of English Novel, p.9

92800
28 JUL 1986
NORTH BENGAL UNIVERSITY LIBRARY RAJA RAMMOHUNPUR

फ्रेन्च भाषाको 'Novelle' तथा 'Novus', इटाली भाषाको 'Novas' र 'Novella' अनि ल्याटिन भाषाको 'Novella' र 'Novellus' बाट नवेल (नवीन) शब्द को जन्म भएको हो । इटलीका आंचलिक कविहरू आफूले लेखेका वास्तविक जीवनसँग सम्बन्धित ईर्ष्या र द्वेष भावनाले भरिएका पद्य प्रबन्धहरूलाई नोवास (Novas) भन्थे । यस्तै जीवनसँग सम्बन्धित यथार्थपरक तर गद्यमा लेखिएका संक्षिप्त कथाहरूलाई बोकाशियो र उनका युगका लेखकहरूले 'नोवेला' (Novella) भन्ने नाम दिए । बोकाशियोको शेषपछि पनि दुई शताब्दीसम्म इटालीका लेखकहरूले प्रशस्त मात्रामा 'नोवेला' को रचना गरे । एलिजाबेथको शासनकालमा बेलायतमा जब यो इटालीयन भाषामा लेखिएका 'नोवेला' हरूको अनुवाद गरियो या अनुकरण गरियो त्यसैलाई नै नवेल (Novel) भन्ने नाम राखियो ।[1]

यूनानमा 'इलियड' र 'ओडेसी' फ्रान्समा 'ट्रुवेर्स', जर्मनीमा 'मिनेसिंगस' को गाना र बेलायतका ऐतिहासिक दन्त्यकथाहरू (क्रनिकल्स्) गीत (वेलेडस्) आदिमा उपन्यासका प्रवृत्तिहरूको झल्को पाइए तापनि यसको खास रूप भने चौधौं र पन्ध्रौं शताब्दीमा यूरोपमा आएको पुनर्जागरणसँगै देखापर्छ ।

यूरोपमा आएको पुनर्जागरणले आधुनिक युगलाई जन्मायो । यसै आधुनिक युगले आजको उपन्यास साहित्यलाई पनि जन्मायो ।[2] यहाँ औद्योगिक क्रान्ति भएपछि मध्यमवर्गको जन्म भयो अनि औद्योगिक विकास हुनु सँगसँगै पूँजीपति वर्ग र मध्यम वर्गमा भेद पनि देखिन थालियो । अंग्रेजी साहित्यको प्रारम्भिक कालमा समाजका मध्यमवर्गीय व्यक्तिहरू नै उपन्यासकारको रूपमा देखा परे । उनीहरूले दैनिक जीवनमा घटेका यथार्थ घटनाहरू, समस्याहरू, विषमताहरू र कुरूपताहरूलाई देखाए । अब सामन्ती जीवनको स्वप्नील परिवेशलाई काल्पनिक

---

1 W.L.Cross, The Development of English Novel, Introduction

2 Ralph Fox, The Novel and the People, p.72

उडान दिने काव्यको स्थान यथार्थपरक गद्य साहित्यले लियो । यस विधाले जीवनका सबै मूलभूत र महत्वपूर्ण पक्षलाई आफू भित्र संगटेको छ । त्यसैले राल्फ फक्सले भनेका छन् उपन्यास गद्यमा कल्पित कथा होइन, यो मानव जीवनको गद्य हो । यो प्रथम कलाकृति हो जसले मनुष्यको समग्रतालाई लिएर अभिव्यक्ति दिने कोशिश गर्‍यो । व्यक्ति स्वयं र अरू व्यक्तिहरूसँगको उसको सम्बन्ध, व्यक्ति र उसको परिवेश, व्यक्तित्वको निर्माण, व्यक्तिले गरेको नियतिको खोज जस्ता सन्दर्भहरूलाई उपन्यासले छोएको हुनाले यो मानव जीवनको नजीकै पुगेको हो । आजको आधुनिक युगमा सामाजिक जीवन मात्र बदलिँदो छैन । अस्तित्व सम्बन्धी मूलभूत समस्याहरू पनि बदलिँदा छन् । आधुनिक युगको आधुनिक विधा उपन्यास साहित्यले युगले भोगेका समस्त अन्तर्विरोधहरू र असंगतिहरूलाई अभिव्यक्त गरेको छ । उपन्यास साहित्य बदलिँदो परिवेश अनुसार बदलिँदो मनस्थितिको कथा भएको हुनाले यसले परम्परागत मूल्यहरूको ठाउँमा नयाँ मूल्यहरूको निर्माण गरेको छ । आधुनिक युगका व्यथाहरू, छटपटाहट, त्रास, कुण्ठा, नैराश्य, एक्लोपन र व्यर्थताहरूलाई गहिराइ दिएर पूर्णता र समग्रताका साथ संप्रेषित गर्न सक्ने उपन्यास विधा जनवादी चेतनाको साहित्य हो । जसरी मानवीय भावनाहरूको उत्तरोत्तर विकास हुन्छ त्यसरी नै उसित सम्बन्धित साहित्यको रूपको पनि विकास हुन्छ । पुराना हुँदै जाँदा परम्पराहरू टुक्रिँदै जान्छन् र त्यसको ठाउँमा उपयोगिता अनुसार नयाँ मान्यताहरूको जन्म हुन्छ । नयाँ मूल्य र नयाँ मान्यताहरूले जन्माएको उपन्यास साहित्य वर्तमान परिस्थितिको योगदान हो ।[१]

आज हामी जुन उपन्यास साहित्य पढ्छौं त्यसको प्रारम्भिक रूप अठारौं शताब्दीका इङ्गलैण्डका लेखक डानियल डिफोको ' रबिन्सन क्रूसो ' मा पाउँछौं । डानियल डिफो अंग्रेजी उपन्यास साहित्यका पिता मात्रै होइनन् विश्व साहित्यमा व्यक्ति-नायकलाई सम्पूर्ण विशिष्टताका साथ उपन्यास साहित्यमा भित्र्याउने

---

१ डा० त्रिभुवन सिंह, हिन्दी उपन्यास शिल्प और प्रयोग, पृ० ६ - ७

पहिलो व्यक्ति पनि उनी नै हुन् । यसरी हामी देख्छौ अठाह्रौं शताब्दीका अंग्रेज लेखकहरू डानियल डिफो, रिचर्डसन, फिल्डिङ्ग, स्मोलेट, स्टर्न आदिका रचनाहरूमा आजको आधुनिक उपन्यास साहित्यको प्रारम्भिक रूप पाइन्छ । यी उपन्यासकारहरूले कथानकलाई जीवनबाट टिपे । यिनीहरूले पुराण, इतिहास र दन्त्यकथाबाट कथानक नटिपेर कि त आफैले आविष्कार गरे कि त समसामयिक घटनाहरूलाई आधार बनाएर लेखे ।[1] रिचार्डसनको ' पामेला ' र हेनरी फिल्डिङ्गको ' टम जोन्स ' दुवै यथार्थ परिवेशलाई लिएर लेखिएका उपन्यासहरू हुन् । डेनियल डिफो, फिल्डिङ्ग र स्मोलेटले वाह्य यथार्थलाई गृहण गरेर लेखे भने रिचार्डसन र स्टर्नले व्यक्तिका मनस्थितिहरू र भावनाहरूको चित्रण गरे । यसरी वाह्य जगत् र आन्तरिक दुवैको यथार्थ चित्रण गरिएका उपन्यासहरू अठाह्रौं शताब्दीमा निस्केका हुनाले विद्वानहरू यसलाई उपन्यासको स्वर्णयुग मान्छन् ।[2]

उन्नाईसौं शताब्दी विश्व उपन्यास साहित्यको इतिहासमा महत्वपूर्ण ठाउँ ओगट्न पुग्यो जब इङ्गलैण्ड, फ्रान्स र रूसमा अनेक प्रतिभाहरू देखा परे । इङ्गलैण्डमा डिकेन्स, थेकरे, टमस हार्डी जस्ता उपन्यासकारहरू देखापरे भने अर्कोतिर फ्रान्समा बाल्जाक, स्तान्दाल विक्टर ह्यूगो र ड्यूमा जस्ता उपन्यासकारहरू देखिए । गोगोल, तुर्गनेभ, टल्सटोय र दस्तोएव्स्की आदि उपन्यासकारहरू रूसी भूमिमा जन्मिए । पात्रहरूको सजीव वर्णन, वाह्य परिवेशको यथार्थ चित्रण र मनस्थितिको सूक्ष्म विश्लेषणले गर्दा यस समयमा उपन्यास कलाले अठाह्रौं शताब्दीको उपन्यास साहित्य भन्दा धेरै बढी प्रौढ़ता प्राप्त गर्यो ।

-----------------------------

1 Ian Watt, The Rise of the Novel, pp. 14-15

2 "The eighteenth century was the golden age of the novel..... it (novel) was not afraid of man and spoke the truth about life with an uncompromising courage. It had wit also, and humour and it compelled man to understand that the individual had an inner as well as outer life" - Ralph Fox, The Novel and the People, p.92

बीसौं शताब्दीमा विश्वयुद्धहरू, जन क्रान्तिहरू, मुक्ति संघर्षहरू भए । आर्थिक, राजनैतिक, सामाजिक दार्शनिक र वैज्ञानिक अन्तर्द्वन्द्वहरूले गर्दा बेग्लै मान्यताहरू र बेग्लै मूल्यहरूको स्थापना भयो । विज्ञानको उन्नतिको साथ साथै मनोविज्ञानको प्रगति भएकोले मान्छेले वाह्य यथार्थलाई मात्र नदेखेर आन्तरिक यथार्थलाई पनि देख्न थाल्यो । यसै समयमा बैज्ञानिक उपन्यासहरू पनि लेखिए । एच० जी० वेल्सका बैज्ञानिक उपन्यासहरू यही समयमा देखिए । तर साहित्यको क्षेत्रमा सबभन्दा बढी प्रभाव सिग्मण्ड फ्रायडको मनोविज्ञान र कार्ल मार्क्सको वर्ग संघर्षको अनिवार्यताले पार्‍यो । यसरी मनोवैज्ञानिक यथार्थवाद र मार्क्सवादी यथार्थवादको प्रभाव साहित्यको क्षेत्रमा सबभन्दा बढी पर्‍यो ।

बीसौं शताब्दीका पश्चिमेली उपन्यासकारहरूले दुई महासमरहरूले बोकेर ल्याएका विसंगति, विघटन, संक्रमण, क्लाहीनता र खण्डित यथार्थहरूको चित्रण गरे । ग्याल्सवर्दीले आफ्ना उपन्यासहरूमा परिवारको विघटनको चित्र प्रस्तुत गरे । जेम्स ज्वाएसले संक्रमण स्थितिको चित्रण गरे । डी० एच० लरेन्सले समस्त मानव सभ्यता र मूल्यहरूबाट मुक्त भएर आदिम रक्त सम्बन्धहरूको अन्वेषण गरे ।

आजको मान्छे जीवनदेखि धेरै थाकिसकेको छ जसले गर्दा आत्म निर्वासन (Self alienation) को स्थितिमा आएर एक्लो र दिशाहारा भएको छ । यसै कारणले गर्दा आजको उपन्यास साहित्यमा एक्लोपन, व्यर्थता, शून्यता, दिशाहीनता, मूल्यहीनता र वेदना जस्ता विकृत व्यक्तिवादी तत्वहरू धेरै प्रबल देखिन्छन् । पश्चिममा औद्योगीकरण र दुई महासमरहरूले ल्याएको वातावरणले गर्दा नै सामाजिक जीवनको इतिश्री भयो र व्यक्तिवादको श्रीगणेश भयो ।

पश्चिमी देशहरूले भोगेको जस्तो जीवन हामीले हाम्रो देशमा भोगेका छैनौं । हाम्रो देशमा न तो औद्योगिक वातावरणहरूले ल्याएका व्यस्तताहरू छन् न दुई महासमरहरूले ल्याएको जस्तो संत्रास (टेरर) र आत्मनिर्वासनको स्थिति छ । संत्रास सामाजिक सापेक्ष शब्द हो किनभने यो सामाजिक अवस्थाको एउटा स्थिति हो । ` संत्रास एकान्त भयको स्थिति हो । शून्य हुने स्थिति हो, दिशाहारा

भएर प्राण भयले कहीं कुनै कुनामा लुकेर बस्ने स्थिति हो, शून्य हुने स्थिति हो, समग्र विमूढताको स्थिति हो, एकदम एक्लोपनाको स्थिति हो अर्थात यस्तो एक्लोपना जहाँ मान्छे भीडमा भएर पनि एक्लो छ ।'[१] यस्तो संत्रासको, यस्तो शून्य र एकान्त भयको, यस्तो आत्मनिर्वासन र एक्लोपनाको स्थिति हाम्रो समाजले कहिल्यै देखेको छैन । कहिले भोगे को छैन । हाम्रो देश गरीब छ । हाम्रा मानिसहरू भोको र नाङ्गो डाँडा काँढा, भीर पहरा र तराइतिर भौतारिरहेछन् । उद्योगधन्दा यति कम छन् कि आफ्ना आवश्यकताहरूका निमित्त पनि परमुखापेक्षी भएर रहनुपरेको छ । अशिक्षा, निर्धनता, रोग र अरू सामाजिक समस्याहरू समेतले सताइएको हाम्रो देशमा सामन्ती परम्परा र अन्धविश्वासले जरा गाडेको छ । यहाँ हामी आफूलाई काम र माम नपाएको अवस्थामा व्यर्थ र असुरक्षित पाइरहेछौं । महंगाई, प्राकृतिक प्रकोप, अशिक्षा, निर्धनता, अरू सामाजिक र धार्मिक अन्धविश्वासहरूको चपेटमा परेका हामो नेपालीहरू साधारण समस्याहरूमा नै उल्भेका छौं । हाम्रो आधुनिक साहित्यमा पनि पश्चिमेली साहित्यको जस्तो अन्योल, शून्यता, व्यर्थता र निरर्थकताको गंध आउँछ तर त्यो असली नभएर आयातित हो पश्चिमेली साहित्यबाट भित्र्याइएको कृत्रिम स्थिति ।[२]

---

१ अमृत राय, आधुनिक-भाव-बोध को संज्ञा, पृ० १२६

२ ' वास्तवमा नेपाली साहित्यमा निराशा छ जस्तो मलाई लाग्दैन । साहित्य त ज्यादै भित्रको ज्यादै गहिरो अनुभूतिबाट जन्मन्छ ---- आयातित त्यो पनि विकृतरूपमा निराशाको छाप छ ।'
सं० गिरिराज आचार्य, वो० पी० का साहित्यिक विचारहरू, पृ० ३६

## २.१ कथा र उपन्यासगत विशेषता

### २.१.१ कथाको विशेषता

कथामा हुनुपर्ने आवश्यक गुण र तत्वहरू ६ वटा छन् । ती हुन् - कथानक, पात्र, कथोपकथन, वातावरण, भाषा शैली र उद्देश्य ।

कथानक - कथानक कथाको एउटा महत्वपूर्ण तत्व हो । घटना प्रधान कथाहरूमा यसको महत्व धेरै हुन्छ । आजका आधुनिक मनोवैज्ञानिक कथाहरूमा कथानक झिनो हुन्छ । कथानकको उचित नियोजन गर्न सकेको खण्डमा यो कृमश: प्रस्तावना संघर्ष, चरमोत्कर्ष र परिणामतिर बढ्दै जान्छ । प्रस्तावनामा पात्रहरूको सामान्य परिचय र तिनीहरूका चरित्रको सामान्य विशेषता बताइएको हुन्छ । यसका साथै कथानकमा घटनाहरूको सम्बन्ध बारे पनि स्पष्ठ पारिएको हुन्छ । यसमा परिस्थिति र वातावरणको पनि उल्लेख हुन्छ । कथाको विकासका साथै संघर्ष पनि बढ्दै जान्छ र चरमोत्कर्षमा पुग्छ । आधुनिक कथामा संघर्ष विशेषत: वाह्य शक्तिसित, अर्को व्यक्तिसित र मानसिक हुन्छ । कथामा संघर्ष बढ्दै गएपछि पाठकहरूको मनमा उत्सुकता पनि बढ्दै जान्छ । प्रस्तावनादेखि प्रारम्भ भएको परिस्थिति, घटना र चरित्रको स्थिति चरमोत्कर्षमा पुग्छ र उग्ररूप धारण गर्छ । उत्तम कलाकारितापूर्ण कथामा कुतूहलको निर्वाह अन्तसम्म गरिएको हुन्छ ।

कथावस्तुलाई प्रभावोत्पादक बनाउनको निम्ति तीव्र अनुभूति र प्रेरणाको आवश्यकता हुन्छ । मौलिक दृष्टिकोण, आवश्यक वर्णन, सरल र आकर्षक कथावस्तुले प्रभावोत्पादकतालाई बढाउँछ । अत: कथानकमा मौलिकता र सुसम्बद्ध योजना हुनु जरुरी छ । आजका मनोवैज्ञानिक कथाहरूमा कथानकको त्यति महत्व छैन । मानव मनको विश्लेषण गर्नु नै तो कथाहरूको उद्देश्य भएकाले घटनाहरूको वर्णन पनि मनस्थितिको उद्घाटन गर्नको निम्ति मात्र गरिन्छ । मानव मन जस्तै घटनाहरू पनि विशृंखलित हुन्छन् । पात्रको मानसिकतालाई उद्घाटित गर्ने कथाको लक्ष्य भएकाले कथाको विकास कतातिर हुने हो त्यसको ठेगान पनि हुँदैन । कथाको आकार सानो भए तापनि थोरैमा धेरै भन्न सक्ने सामर्थ्य त्यसमा हुन्छ ।

चरित्र चित्रण - आधुनिक कथाहरु चरित्र प्रधान हुन्छन् । चरित्र चित्रणमा पनि वहिर्मुखी चरित्रलाई महत्व नदिएर अन्तर्मुखी चरित्रलाई महत्व दिइन्छ । साहित्यमा मनोविज्ञानको प्रवेशले गर्दा कथानकको महत्व घट्दै गयो चरित्र चित्रणको महत्व बढेर गयो । यसमा पनि मानव मनका सूक्ष्म तन्तुहरूलाई सूक्ष्म रूपले केलाएर राखो दिनु उत्कृष्ट कथाकारिता हुन थाल्यो । फ्रायड, एडलर र युंगको मनोविश्लेषण सिद्धान्तले साहित्यमा प्रवेश गरेपछि व्यक्तिको व्यक्तित्व, द्विव्यक्तित्व र बहु व्यक्तित्वको चित्रण हुन थाल्यो । आज त्यस्तै कथाको महत्व ज्यादा छ जुन कथाहरूमा मानव मनको आन्तरिक पक्षलाई राम्ररी केलाएको हुन्छ । कथामा चरित्र चित्रण गर्दा चरित्रको एउटा अंशमाथि प्रकाश पारिन्छ ।

कथोपकथन - चरित्र चित्रणको लागि अत्यन्त सहयोगी तत्[illegible] यसले कथामा स्वाभाविकता ल्याउँछ । पात्रहरूको दृष्टिकोण, आदर्श र उद्देश्यसँग परिचय प्राप्त गरिने प्रमुख माध्यम नै कथोपकथन हो यसले कथाको प्रवाहलाई अविछिन्न तुल्याउँछ । पात्रहरूका क्रियाकलापलाई सजीव बनाउँछ र पाठकलाई उत्सुकता प्रदान गर्छ । कथोपकथन पात्र र परिस्थिति अनुकूल हुनुपर्छ यदि कसैले अनपढ व्यक्तिसित दर्शनका सिद्धान्तहरूको कुरा गर्‍यो भने त्यो अनुपयुक्त हुन्छ । कथोपकथन सरल, सरस, संक्षिप्त र अभिव्यञ्जनात्मक हुनुपर्छ । यसले पात्रहरूको अन्तर्द्वन्द्व र मानसिक उत्कर्षको चित्रण गर्न सघाउ पुर्‍याउँछ । छोटा छोटा संवादले कथालाई शिथिल बनाउँदैन त्यसैले छोटा संवादको प्रयोग गर्नुपर्छ । मनोवैज्ञानिक कथाहरूमा जहाँ विश्लेषणात्मक पद्धतिको प्रयोग गरिन्छ कथाकार संवाद द्वारा आफ्नो तर्फबाट पात्रको भाव भंगिमा मुद्रा आदि माथि पनि प्रकाश पार्छ ।

वातावरण - कथालाई रोचक र आकर्षक बनाउन घटना र पात्रसँग सम्बन्धित वातावरणको चित्रण हुनुपर्छ । वातावरणको चित्रण अत्यन्त स्वाभाविक, आकर्षक र यथा सम्भव पात्रहरूको मानसिक परिस्थिति अनुकूल हुनुपर्छ । वातावरणले पात्रहरूलाई जीवन्त तुल्याउने मात्र होइन कथालाई नै प्रभावपूर्ण बनाइदिन्छ । वातावरण र पात्रहरूको मानसिक स्थितिमा सामाञ्जस्य ल्याउन सक्यो भने पात्रहरु सजीव जस्ता प्रतीत हुन्छन् र कथा रोचक र आकर्षक लाग्छ ।

भाषा शैली - कथाको भाषा शैली रोचक, आकर्षक, प्रवाहमय र धारावाहिक हुनुपर्छ । भाषा सरल, सरस र स्वाभाविक हुनुपर्छ । समय र चरित्र सुहाउँदो भाषा भएन भने कथा राम्रो हुँदैन । आधुनिक कथाकारहरूले अचेतन मनको ग्रन्थिलाई खोल्ने भाषा र शैलीको प्रयोग गर्छन् । विचार, भाव, अनुभूति आदिका आधारमा कथाका शैलीहरू विभिन्न प्रकारका हुन्छन् ।

समय सँगसँगै मानव जीवन पनि परिवर्तित भइरहन्छ अत: यो परिवर्तनलाई ठम्याउने दृष्टि राख्नु पर्छ । विषय शिल्पको दृष्टिले कथाको वर्गीकरण गर्नु स्थूल परम्परा हो वास्तवमा आधुनिक कथाकार कुनै पनि शिल्प र विषयमा बाँधिएर लेख्दैन । कथा मानव जीवनको यथार्थ चित्रण हो अत: यो सत्यमा आधारित हुन्छ ।

उद्देश्य - आधुनिक कथा साहित्यको उद्देश्य उपदेश दिनु, शिक्षा दिनु, नैतिकताको पाठ पढाउनु नभएर पात्रहरूको मनोविश्लेषण गर्नु हो । चेतन, अर्द्धचेतन र अचेतन मनको गहिराइ भित्र पसेर मनोविश्लेषण द्वारा व्यक्ति मानसमा व्याप्त अतृप्ति, हीनता ग्रन्थि र विभिन्न कुण्ठाहरूको विश्लेषण गर्नु हो अत: आधुनिक कथाको उद्देश्य जीवन सत्यको उद्घाटन गर्दै जीवन सम्बन्धी विभिन्न व्याख्या गर्नु पनि हो ।

### २.१.२ उपन्यासको विशेषता

कथामा जस्तै उपन्यासमा पनि ६ तत्वहरू हुन्छन् कथावस्तु, चरित्र चित्रण, कथोपकथन, वातावरण, भाषा शैली र उद्देश्य ।

कथानक - उपन्यासमा कथानक महत्वपूर्ण हुन्छ । एउटा मूल कथासित अरू कथाहरू पनि जोडिएर अघि बढिरहेका हुन्छन् । उपन्यासको कथामा विस्तार हुन्छ । कथाको विस्तृत रूप उपन्यास होइन । विविधता नै उपन्यासको वैशिष्ट्य हो । उपन्यासकारले यस्तो कथावस्तु रोज्नु पर्छ जसमा मानव जीवनलाई मुख्य आधार

मानेर स्वाभाविक र विश्वासनीय घटनाहरूको समावेश गरेर त्यसलाई विस्तृति दिन सकियोस् । त्यसमा मानव मनका विभिन्न पक्षाहरूलाई ईमानदारीपूर्वक राख्न सकियोस् ।

विषयवस्तुको गहनता र गम्भीरतापूर्वक प्रभाव पार्न सक्ने क्षमतामा नै उपन्यासको महत्ता आधारित हुन्छ । उपन्यासकारले कथानक रोज्दा आफूसित परिचित भएको परिवेश, चरित्र,प्रकृति आदिलाई मात्र रोज्नु पर्छ नत्र उपन्यासले सत्यताको भ्रम उत्पन्न गर्न सक्दैन र त्यसले प्रभाव पार्न सक्दैन । विषयवस्तुको साथै घटनाहरूको तारतम्य मिलाएर शृंखलाबद्ध रूपले उपन्यासको बुनोट भएको छ भने कुतूहलको सृष्टि हुन्छ ।

उपन्यासले आफ्नो व्यापकता भित्र धेरै समस्याहरूलाई बोकेको हुन्छ । देशकालका सम्पूर्ण समस्याहरू त्यसमा समाहित भएका हुन्छन् । उपन्यासका प्रतिपाद्य अनेक हुन्छन् यसैले विषयको एकत्व उपन्यासमा सम्भव हुँदैन । उपन्यास सम्पूर्ण जीवनको अभिव्यक्ति हो त्यसैले यसमा घटनाहरू, पात्रहरू र चरित्रहरूको बाहुल्य हुन्छ ।

चरित्र चित्रण - उपन्यासमा चरित्र चित्रणमा खूबै ध्यान दिनुपर्छ । उपन्यासको रूप विस्तृत भएकाले चरित्रको विभिन्न पक्षमाथि प्रकाश पार्न सकिन्छ । कथावस्तु-लाई जस्तै चरित्रलाई पनि गम्भीर र गहन बनाउने कोशिश गर्नुपर्छ । पात्रहरूको योग्यता र व्यक्तित्व अनुसार तिनीहरूको चित्रण भएको हुनुपर्छ । उपन्यास साहित्यमा मनोविज्ञानको प्रवेश भएपछि अचेतन मनको सूक्ष्म विश्लेषणको परम्परा शुरू भयो र चरित्र चित्रणमा विशेष महत्व दिन थालियो। मान्छे गुण र दुर्गुणहरूको संयुक्त रूप भएकाले चरित्र चित्रण गर्दा उस भित्र निहित दुवै प्रवृत्तिहरूलाई ध्यानमा राखेर राम्रो नराम्रो दुवै पक्षमाथि प्रकाश पार्नुपर्छ ।

कथोपकथन - उपन्यासमा कुनै खास समयमा कुनै खास ठाउँमा घटित घटनाको अथवा जीवनको चित्रण गरिएको हुन्छ । विषयवस्तुकासाथै उपन्यासकारलाई विषय प्रस्तुत गर्ने काल र परिवेशको बोध हुनु पनि नितान्त आवश्यक हुन्छ यसैकारण

विभिन्न समयमा लेखिएका कथा एवं उपन्यास साहित्यमा विभिन्न प्रकारको मूल्य एवं मान्यताको स्थापना भएको देखिन्छ प्रथम तथा द्वितीय विश्वयुद्धपछि लेखिएका उपन्यास साहित्यमा विभिन्न प्रकारको मूल्य एवं मान्यताको स्थापना भएको कारण त्यसबेलाको परिस्थिति हो । त्यसैबेलादेखि उपन्यास साहित्यमा नयाँ स्वर सुनिन थालियो । मानसिक कुण्ठा, निराशा, त्रास, शून्यता, निरर्थकता र अस्तित्वबोधका प्रश्नहरूले मान्छेलाई सताउन थाल्यो । यही स्वर उपन्यास साहित्यमा पनि मुखरित भयो । वर्तमान समयका कथा र उपन्यासले परिलक्षित गरेको युग सत्य यही हो ।

भाषा शैली - सबैको आफ्नो आफ्नै शैली हुन्छ । शैलीले उपन्यासकारको व्यक्तित्वमाथि प्रकाश पार्छ । शैलीमा भाषा, कथानकको संगठन, चरित्र चित्रण विषयको शृंखलाबद्ध प्रस्तुतीकरण आदि हेरिन्छ । कथा र उपन्यास दुवैमा भाषाको उच्चिकै महत्व हुन्छ । उपन्यासकारले अभिव्यक्त गर्न खोजेको विचारलाई सरल, सरस, स्वाभाविक र सजीव भाषाले व्यक्त्याउन सक्नुपर्छ । आधुनिक उपन्यास-कारहरूको भाषा र शैलीले अवचेतन मनको ग्रन्थिलाई खोल्ने काम गर्छ । त्यसैले मनोवैज्ञानिक उपन्यासकारहरूको भाषा मानव मस्तिष्कमा रहेका विचारहरू जस्तै असम्बद्ध, शृंखलाविहीन र छरपस्टिएका हुन्छन् र अन्तरमनका सूक्ष्म पक्षलाई केलाउने खालको मनोवैज्ञानिक शैलीको प्रयोग गरिएको हुन्छ ।

उद्देश्य - उपन्यास कुनै एउटा निश्चित लक्ष्यलाई लिएर लेखिएको हुन्छ । आजका आधुनिक उपन्यासहरू प्राचीन कालका जस्तो आध्यात्मिक उद्देश्य लिएका अथवा खालि उपदेश दिन अथवा मनोरञ्जन गर्नका लागि मात्र नलेखिएर कुनै शाश्वत् सत्यको उद्घाटन गर्न लेखिएका हुन्छन् । आधुनिक उपन्यासको उद्देश्य मानव मनका अन्तर कुन्तरमा लुकेका भाव, संवेदना, इच्छा, अतृप्ति र कुण्ठाहरूको प्रकटीकरण गर्नु हो । बाहिर देख्दा मान्छे जस्तो देखिन्छ त्यो उसको असली रूप होइन । उसको असली रूप भित्री हुन्छ त्यसलाई पत्ता लगाउनलाई उपन्यासकारहरू मनोविश्लेषण विधिको प्रयोग गर्छन् । अत: मानव मनको भेद खोल्नु आधुनिक उपन्यासको उद्देश्य भएको छ ।

समय सँगसँगै मानव जीवन पनि परिवर्तित भइरहन्छ । यो परिवर्तनको पारख गर्ने दृष्टि हुनुपर्छ । विषय शिल्प आदिको दृष्टिले कथा र उपन्यासको वर्गीकरण गर्नु स्थूल परंपरा हो । वास्तवमा लेखकले कुनै पनि शिल्प र विषयमा बाँधिएर लेख्दैन । कथा र उपन्यास मानव जीवनको यथार्थ चित्रण हो । सभ्यताको शिखरमा पुगेको आजको मान्छे जतातते समस्याले घेरिएको छ । यी समस्याहरूलाई नितान्त एक्लो मान्छेले फेल्नुपरेको छ । जीवनका बहु आयामिक समस्याहरूसित उल्फेको आजको मान्छेलाई प्रतिबिम्बित गर्नु नै कथा र उपन्यासको उद्देश्य भएकाले आजका आधुनिक कथा र उपन्यास साहित्यहरू मनोविज्ञान, मनोविश्लेषण र अस्तित्ववादी धरातल समातेर अगाडि बढिरहेछन् ।

## २.२ कथा र उपन्यासमा अन्तर

उपन्यास र कथा दुवै गद्य साहित्यका नवीन र भिन्न भिन्न विधा हुन् । एउटाले मानव जीवनको समग्रतालाई सम्पूर्ण रूपले अभिव्यक्त गर्न खोजेको छ भने अर्कोले मानव जीवनको एक विशेष पक्षलाई मात्र उद्घाटित गर्न खोजेको छ ।

उपन्यास साहित्य भित्र मानव जीवनसँग सम्बन्धित कुनै पनि विषय समाउन सक्छ । यसको विस्तारको विशाल परिधि भित्र सबै प्रकारका घटनाहरू सबै वर्गका व्यक्तिहरू पर्न सक्छन् । यसले मानवसँग सम्बन्धित वाह्य जगत एवं यसभन्दा बढी उसको आन्तरिक जीवनसँग सम्बन्ध राख्ने हरेक घात प्रतिघात सुख दुःख, विरोध, अन्तर्विरोध एवं मानव संवेदनाका हरेक पक्षलाई आफूभित्र समेट्न सक्छ । वाल्टर एलेन पोले समकालीन उपन्यास युगको एउटा यस्तो विशेष प्रकारको दर्पण हुन्छ जसमा युगको वाह्य पक्ष मात्र होइन आंतरिक स्वरूप स्नायविक प्रणाली र ती द्वन्द्व जसले यसलाई प्रभावित गर्छन् ती पनि प्रतिबिम्बित हुन्छन् भनेका छन् ।

कथा मानव जीवनको एउटा सीमित घेरामा मात्र केन्द्रित हुन्छ । उपन्यासको जस्तो फैलावट यसको हुँदैन । जीवनको एउटा घटना, एउटा पक्ष

एउटा उद्देश्य र एउटा संवेगलाई कथामा लिइएको हुन्छ । कथामा संक्षिप्त-तालाई खूबै ध्यान दिनु पर्छ त्यसैले यसमा घटनाहरू, पात्रहरू र चरित्रहरू सीमित हुन्छन् । देवकोटाले कथाको बारेमा लेखेका छन्, " छोटो होस् तर कठिन नहोस्, सजिलो होस् तर गाहारो नहोस्, बुझिने होस तर कठिन नहोस्, जति बुझ्यो उति बुझ्न योग्य, जति पढ्यो उति मजा लाग्ने । ---- छोटो कथा लेख्न पहिले गुन्नु पर्छ, बुन्नु पर्छ, टिम्नु पर्छ, रंगाउनु पर्छ ।[१]

उपन्यासको एउटा महत्वपूर्ण तत्व कथानक हो । उपन्यासमा मुख्य कथानकसित अरु सहायक कथाहरू आउँदै सकिंदै जान्छन् तर कथाको छोटो रूपमा यो सम्भव हुँदैन । उपन्यासको संवाद विस्तृत, व्याख्यात्मक र विवरणात्मक हुन्छ तर कथाको सम्वाद संक्षिप्त, संकेतात्मक र व्यञ्जनात्मक हुन्छ ।[२] उपन्यासमा धेरै विस्तारपूर्वक कुनै वस्तुको वर्णन गरिन्छ त्यसैले त्यसमा विविधताको निम्ति स्थान हुन्छ तर कथाको रूप संक्षिप्त भएकाले यसमा विविधताले प्रश्रय पाउँदैन । उपन्यासमा जीवनको सम्पूर्ण पक्षको अभिव्यक्ति भएकाले यसको आकार ठूलो हुन्छ । यसलाई समयको बन्धन छैन तर कथा एक बसाइमा पढिसकिने हुनुपर्छ । आधुनिक कथाका जन्मदाता एडगर एलेन पोले कथालाई समयको घेरा भित्र बाध्दै कथा त्यो गद्य रचना प्रकार हो जुन आधा घण्टादेखि लिएर एक घण्टा अथवा दुई घण्टामा पढेर सकिने हुनपर्छ भनेका थिए । अर्का कथाकार एच० जी वेल्सले भनेका थिए कथाको लम्बाई बीस मिनटमा पढेर सकिने भन्दा लामो हुनु हुँदैन । कसैले कथालाई यति शब्दहरू मात्र हुनुपर्छ भनेर शब्दको घेरामा बाँधे । कतिले यति पृष्ठको हुनुपर्छ भनेर पृष्ठको घेरामा बाँधे तर सबैको भन्नुको तात्पर्य यही हो कि कथाको आकार लामो हुनुहुँदैन । कथाको विस्तृत रूप उपन्यास होइन न उपन्यासको संक्षिप्त रूप कथा । दुवैमा मौलिक अन्तर छ । कथामा कुनै खास घटना, कुनै खास परिस्थिति र कुनै खास अनुभवको मुट्ठ छुनै चित्रण हुन्छ उपन्यासमा यिनै वस्तुहरू र चरित्रहरूको

---

१ लक्ष्मी प्रसाद देवकोटा, छोटो किस्सा, शारदा १९९९, पृ० १२०–१२१

२ केशव प्रसाद उपाध्याय, साहित्य प्रकाश, पृ० १६१

विस्तृत झाँकी प्रस्तुत गरिएको हुन्छ । कथाकार एउटै विषय लिएर हिंड्छ । एउटै प्रवाहमा केन्द्रित रहन्छ । विषयको एकत्व नै कथाको मुटु हो तर उपन्यासले आफ्नो व्यापक र विस्तृत रुप भित्र देश कालका विभिन्न समस्याहरुलाई समाहित गर्छ । विषयको एकत्व नहुनु नै उपन्यासको मुख्य विशेषता हो । उपन्यासमा विभिन्न चरित्रहरुको चित्रण हुन्छ तर कथामा चरित्रको एउटै पक्ष मात्र उदाङ्गिन्छ ।

२.३ <u>नेपाली कथा र उपन्यास साहित्यको स्रोत र यसको विकास</u>

२.३.१ नेपाली कथा साहित्यको विकास

भानुदत्तले लेखेको 'हितोपदेश मित्रलाभ किंस(१८३३) नेपाली कथाको लिखित प्रारुप हो । यो संस्कृतमा लेखिएको नैतिक कथाको अनुवाद हो । यसपछि १८७६ मा 'मुन्सीका तीन आहान' कथा देखा पर्यो । प्राचीन नेपाली कथाको प्रारम्भिक कालमा संस्कृतका वैदिक, पौराणिक र नीतिपरक कथाको अनुकरण र अनुवादमा आधारित कथाहरु देखा परे ।

दोस्रो चरणमा १९४६ मा 'वीरसिक्का' र १९४८ मा 'स्वस्थानी' व्रत कथा जस्ता शृंगारिक, जासूसी, धार्मिक र नैतिक कथाहरु लेखिए ।

प्राचीन नेपाली कथाहरु मुख्य दुई स्रोतबाट आएका छन् । संस्कृत, प्राकृत,अपभ्रंश ,फारसी, अरबी र उर्दू । पहिलो स्रोतबाट आएका कथाहरु धार्मिक, नैतिक, श्रृंगारिक र साहसी प्रवृत्तिका छन् । दोस्रो स्रोतबाट आएका कथाहरु शृंगारिक र जासूसी प्रवृत्तिका छन्। यी कथाहरुको उद्देश्य नैतिक र आध्यात्मिक शिक्षा दिनु र पाठकहरुको मनोरञ्जन गर्नु थियो । आजका आधुनिक कथाहरुसित ती कथाहरुको तुलना गर्दा ती कथाहरु गद्यका टुक्रा जस्ता मात्र लाग्छन् । कथा भन्न सुहाउने तत्व त्यस्मा पाइँदैन । गोरखापत्रले कथा छाप्न थालेदेखि (१९५६) पछि मात्र कतिपय कथाहरु, उपन्यास र कथाको दोसाँध अवस्थालाई अन्त्य गर्दै

कथा तत्वको छेउ समात्न खोज्छन् । तर ` यो सामीप्य मात्रै हो - पूर्ण वरण होइन ।`[१]

देहरादूनबाट प्रकाशित हुने ` गोरखा संसार ` (१६८३) देखि मौलिक सामाजिक कथा लेखिन थाल्यो । यस पत्रिकाको मुख्य उद्देश्य समाज सुधार गर्नु थियो त्यसैले यसमा छापिएका कथाहरू मुख्यत: सामाजिक नै थिए । १६८६ बैशाखमा यस पत्रिकामा छापिएको राम सिंह गोखाले लेखेको कथा ` एउटा गरीब सार्कीको छोरो ` मा सार्की जस्तो तल्लो जातको छोरो प्रति लेखकले सहानुभूति दर्शाएका छन् । यसै पत्रिकामा प्रकाशित प्रेम सिंह आलेको ` करनीको फल ` (१६८६) कथामा मानसिक संघर्ष देखाइएको छ । ` यसमा घटना संयोजन मात्र होइन, मानसिक संघर्षको आलोडनको सफल विश्लेषण पनि गरिएको छ । त्यसैले नेपाली कथा साहित्यमा यस कथालाई महत्वपूर्ण चरण चिन्ह मान्नुपर्छ ।`[२]

आधुनिक नेपाली कथाको राम्रो परिपाटी १६६१ देखि काठमाण्डूबाट प्रकाशित हुने शारदा पत्रिकाबाट थालियो । यसबेला आधुनिक शिक्षा पाएका नेपाली युवकहरू साहित्यको सेवा गर्ने प्रेरणाले उत्प्रेरित भए । अंग्रेजी, हिन्दी र बंगाली साहित्यसित परिचित भएका हिन्दुस्तानका विभिन्न ठाउँमा शिक्षा प्राप्त गर्न गएका र नेपालमा नै बसी अध्ययन गर्ने युवकहरूले पश्चिमी साहित्यबाट प्रभावित भएर आधुनिक कथाहरू लेख्न थाले । बंगाली र हिन्दी साहित्यमा पश्चिमी साहित्यको प्रभाव पहिले देखि नै परिसकेको थियो तर नेपाली कथा साहित्यमा यसको प्रभाव शारदा पत्रिकाको प्रकाशनदेखि मात्र पर्‍यो । यसै बेलादेखि आधुनिक कथाकारहरूले सामाजिक, ऐतिहासिक, पौराणिक, दन्त्यकथा र मनोवैज्ञानिक आदि विभिन्न धरातल समातेर कथाहरू लेख्न थाले ।

-----------------------------

१ वासुदेव त्रिपाठी, विचरण, पृ० ३६

२ सं० ईश्वर बराल, झ्यालबाट, पृ० १०७

आधुनिक नेपाली कथा साहित्यको पहिलो सँगालो ` कथा कुसुम ` १९९५ मा निस्क्यो ।[१] यसका सम्पादक सूर्य विक्रम ज्ञवालीले भूमिकामा आधुनिक कथाको प्रवृत्ति र शिल्पका विषयमा समेत प्रकाश पार्दै आधुनिक नेपाली कथा साहित्यको महत्वलाई दर्शाइ दिए । गुरु प्रसाद मैनाली, विश्वेश्वर प्रसाद कोइराला, बालकृष्ण शमशेर र पुष्कर शमशेरका जम्मा दशवटा कथाहरु यस संग्रहमा परेका छन् । यी कथाहरुमा सामाजिकता र मनोवैज्ञानिकता नै कथाकारहरुको मुख्य पृष्ठभूमि रहेको छ ।

शारदा पत्रिकाको प्रकाशन हुनु अघि नै देखि गोरखा पत्र, गोर्खे खबर कागत, गोर्खा संसार, माधवी, चन्द्र, चन्द्रिका आदि पत्रिकाहरुमा नेपाली कथाहरु प्रकाशित भएका थिए तर त्यति बेलाका कथाहरुमा कथा तत्व परिष्कृत थिएन । शारदा पत्रिकाको प्रकाशन पछि नै सामाजिक, यथार्थवादी र मनोवैज्ञानिक कथाहरु लेखिएकाले साहित्यिक दृष्टिकोणले शारदा प्रकाशनको समय १९९१ आधुनिक नेपाली कथा साहित्यको इतिहासमा खूबै महत्वपूर्ण मानिन्छ । १९९५ मा ` कथा कुसुमको प्रकाशनले आधुनिक नेपाली कथा साहित्यलाई झन अघि बढायो । १९९२ मा ` चन्द्रवदन ` लेखेर विश्वेश्वर प्रसाद कोइरालाले मनोवैज्ञानिक कथालाई नेपाली कथा साहित्यमा भित्र्याएका थिए । त्यसै परंपरालाई समातेर रतिरागात्मक प्रवृत्तिलाई भिक्षुले र गोविन्द बहादुर मल्ल ` गोठाले ` ले अगाडि बढाए । यस बाहेक सामाजिक रुढ़ि, पारिवारिक जीवन, दाम्पत्य जीवन, अड्डा अदालत र कानून, सामन्तहरुले गरीबहरुमाथि गरेको अन्याय, अत्याचार, शोषण र व्यभिचारमाथि व्यंग्य प्रहार गर्दै विभिन्न कथाकारहरुले कथा लेखे ।

२००४ देखि २००७ सालको क्रान्ति हुनु अघिको समयमा नेपाली जन जीवनमा ठूलो चेतनाको लहर आयो । नेपाली जनता अैलेसम्म एकतन्त्रीय हुकुमी शासनमा अमानवीय जीवन व्यतीत गरिरहेका थिए । नेपाल बाहिर रहेका पढे

-----------------------------

१ सं० सूर्य विक्रम ज्ञवाली, कथा कुसुम, प्रथम सं० १९९५

लेखेका चेतनशील बुद्धिजीवी नेपालीहरू नेपालमा राणा शासकको जग उखेल्न चाहन्थे । भारतको विभिन्न ठाउँमा स्वनिर्वासनमा बसेका र अरू चेतनशील नेपालीहरू पनि जसरी भारतले अंग्रेज शासकबाट आफूलाई मुक्त गरेको थियो त्यसरी नै राणा शासकबाट आफ्नो देश नेपाललाई मुक्त गर्न चाहन्थे । नेपालमा प्रजातन्त्रको स्थापना गर्ने उनीहरूको अठोट थियो । २००४ मा यसै उद्देश्यले प्रेरित भएर बनारसबाट ' युगवाणी ' पत्रिका निस्क्यो जसमा सर्वप्रथम राजनैतिक विषय र सामाजिक विद्रोह गर्ने खाल्का कथाहरू छापिए । यस पत्रिकाको मुख्य उद्देश्य युगको आवाजलाई बोक्नु भएकाले यसका कथाहरू कथा कै दृष्टिकोणले उच्च नभएता पनि राजनैतिक र सामाजिक विद्रोहलाई बोकेकाले यस दृष्टिकोणले गतिला थिए । लक्ष्मी प्रसाद देवकोटा यसबेला राणाहरूको राजनैतिक दाउपेचले गर्दा स्वनिर्वासनमा बनारस आएर बसेका थिए । उनले युगवाणीमा राजनैतिक र सामाजिक विद्रोहले भरिएका व्यंग्यात्मक, हास्यरसले परिपूर्ण, दीन र दु:खीहरूको व्यथा र वेदनाले भरिएका कथाहरू लेखे । यिनीहरूका कथामा युगको इच्छा र समयको आवाज गहकिलो थियो । यसै आवाजलाई आफ्ना कथाहरूद्वारा भाइचन्द्र प्रधान, दल बहादुर लामा, विश्वेश्वर प्रसाद कोइराला, विश्वबन्धु थापा, शिवकुमार राई प्रभृति कथाकारहरूले बल दिए । नेपाली जन मानसमा राजनैतिक र सामाजिक चेतनाको लहर फैलाउने काममा युगवाणी पत्रिकाले महत्वपूर्ण भूमिका निभायो ।

२००७ सालको क्रान्तिपछि नेपाल भित्र पनि क्रान्तिकारी परिवर्तन आयो । १०४ वर्षे हुकुमी शासन को इतिश्री भयो र प्रजातन्त्रको स्थापना भयो । राजनैतिक र सामाजिक परिपाटीमा परिवर्तन आएकाले लेखकहरू आफ्नो विचारको प्रकाशन गर्न स्वतन्त्र भए । पहिले देखि कथा लेख्ने कथाकारका कथाहरू झन बढी परिष्कृत भए । नवोदित कथाकारका कथाहरूमा पनि परिमार्जन देखियो । नेपाल भित्र बस्ने र नेपाल बाहिर बस्ने कथाकारहरूले कथाको क्षेत्रलाई झन व्यापक, झन फराँटिलो बनाए । २००६ सालसम्मका केही उत्कृष्ट कथाहरूलाई संगालेर ईश्वर बरालको सम्पादनमा ' झ्यालबाट ' (२००६) कथा संग्रह निस्कियो । 'साझा कथा ' (२०२५) ले नेपाली कथा साहित्यमा देखा परेका नवोदित कथाकार र नवीनतम प्रवृत्तिहरूलाई समेत समेट्यो ।

२००७ सालको क्रान्ति पछि पनि आशा गरे जस्तो परिवर्तन नेपालको राजनैतिक परिपाटीमा आएन । त्यसैले कथामा " सामन्ती मनोवृत्ति, राजनैतिक छलकपट र सिद्धान्तहीन मौकावादिता प्रति रोष प्रकट गर्दै समानता, मानवता र विश्वशान्तिको स्वर तीब्र हुन थाल्यो ।"[१] अत: यसबेला प्रगतिशील धारालाई समातेर धेरै कथाहरू लेखिए ।

आधुनिक नेपाली कथा साहित्यको थालनीमा लेखिएका कथाहरू बढी सामाजिक थिए । क्रान्ति पूर्व २००४ देखि २००७ सालसम्म लेखिएका कथाहरू बढी सामाजिक र राजनैतिक चेतनाले भरिएका थिए । २००७ सालको क्रान्तिले आशातित राजनैतिक र सामाजिक परिवर्तन ल्याउन नसकेकोमा प्रगतिशील कथाकारहरू देखा परे । त्यसपछिका कथाकारहरूमा पाश्चात्य साहित्यको झन धेरै प्रभाव परेकाले उनीहरू सामाजिक यथार्थमा भन्दा बढ़ता मानसिक पक्षलाई महत्व दिन थाले । सामाजिक यथार्थवादी साहित्यले समाजलाई महत्व दियो भने मनोवैज्ञानिक यथार्थ-वादले व्यक्तिलाई । सामाजिक यथार्थवादका पृष्ठपोषक हिन्दी र बंगाली साहित्यका प्रेमचन्द र शरदचन्द्र का कथाबाट बढी प्रभावित थिए । नेपाली कथा साहित्यका ख्याति प्राप्त सामाजिक कथाकार गुरु प्रसाद मैनालीका कथाहरूमा यिनीहरूकै प्रभाव विशेष देखिन्छ । यिनले आफ्ना कथाहरूमा समाजलाई महत्व दिए । चेखव र फ्रायड जस्ता मनोवैज्ञानिक कथाकार र मनोवैज्ञानिक सिद्धान्तका प्रतिपादकहरूको प्रभावमा परेर कथा लेख्ने विश्वेश्वर प्रसाद कोइरालाले समाजमा व्यक्तिलाई बढी प्रधानता दिए । यसको परिणामस्वरूप पात्रको चरित्र चित्रण गर्दा उसको सूक्ष्म मानसिक पक्षको उद्‌घाटन गर्दै उसका मानसिक ग्रन्थिहरू समेत केलाउन थाले । कोइरालाका कथाबाट प्रवेश गरेको मनोवैज्ञानिक यथार्थवाद भवानी भिक्षु, विजयमल्ल, गोविन्द बहादुर मल्ल "गोठाले," दौलत विक्रम विष्ट, रमेश विकल र पोषण पाण्डेमा आइपुग्दा असामान्य पात्रहरूको समेत ग्रन्थि केलाउन पुग्यो । कुमार नेपाल, प्रेमा शाह र पुष्कर लोहनीले यौन कुण्ठासित सम्बन्धित

---

१ सं.भैरव अर्याल, साझा कथा, पृ० १६

कथाहरू लेखे विश्वेश्वर प्रसाद कोइरालाले यौन मान्छेको जीवनको महत्वपूर्ण पक्ष हो तर नेपाली साहित्यमा यसलाई छुइदै छुइएन भनी यौनसंग सम्बन्धित कथाहरू लेख्न थाले पछि मात्र नेपाली कथा साहित्यमा यौन सम्बन्धी कथाहरू लेखिए । मार्क्सवादी विचारधारा राख्नेहरूले गरीब, शोषित र पीड़ित जनताहरूको आवाजलाई आत्मसात गर्दै शोषक, शासक र सामन्तहरूको विरोधमा प्रगतिशील साहित्यलाई जन्माए भने मान्छेको जीवनमा भोक र रोग जस्तै महत्वपूर्ण सम्बन्ध राख्ने यौन पक्षलाई फ्रायडवादीहरूले अंगाले ।

मान्छे बहुआयामिक तत्व हो । यसलाई न त मार्क्सवादी एकलकाटे आँखाले हेरेर हुन्छ न यौनवादी फ्रायडको आँखाले हेरेर हुन्छ । मान्छे त उँचाइ, चौडाइ र गहिराइ भएको सिंगोमान्छे हो भनेर तेस्रो आयामका कथाकारहरूले आफ्ना कथामा " सिंगोमान्छे " देखाउन खोजे ।

नेपाली कथा साहित्यमा आज अस्तित्ववादी स्वर पाइन्छ। जीवनका विसंगतिहरू, पीडा, लडाइँ र मृत्यु, अन्योल, अनिश्चितता र अशान्ति जस्ता आजका युगले जन्माएका विसंगतिहरूको स्वरले पश्चिमी देशहरूलाई मात्रै होइन हाम्रा बुद्धिजीवी लेखकहरूलाई समेत छुन पुगेको छ । आजका हाम्रा कथाहरूले आफ्ना समस्याहरूलाई मात्र नबोकेर विश्वमानवको दर्द, पीडा, आस्था, व्यथा, विकृति र विसंगतिहरू समेतलाई आफू भित्र समेटेको छ । उ चारैतिरबाट युद्ध, मृत्यु र त्रासको दुनियाँमा अन्योलमा परेको छ । कतै उ ईश्वरमाथि विश्वास गर्दै नियतिलाई स्वीकार्न पुग्छ भने कतै नीत्शेको ईश्वर मरी सकै भन्ने दर्शनमा विश्वास गर्दै सार्त्रको " मान्छेले नै मान्छेलाई बनाउँछ " भन्ने दर्शनमा आश्रय लिन पुग्छ । आजको आधुनिक नेपाली कथा साहित्यले पनि यही दर्शनलाई आत्मसात गरेको छ ।

## २.३.२ नेपाली उपन्यास साहित्यको विकास

नेपाली उपन्यास साहित्यको जन्म र नेपाली कथाको जन्मको इतिहास एउटै छ । प्रारम्भमा जब गद्य साहित्य लेखिन थालियो त्यतिबेला त्यस गद्यमा कथा पनि भन्न सकिने र उपन्यास पनि भन्न सकिने खाल्का लक्षणहरू देखापरे । अहिलेसम्मको खोजले पहिल्याए अनुसार भानुदत्तले लेखेको गद्य ' हितोपदेश मित्रलाभ ' (१८३३) कथामा पनि र आख्यान साहित्यमा पनि सर्वप्रथम दरिन पुगेको छ । प्राचीन नेपाली कथा साहित्यको स्रोत पूर्वी एशिया र पश्चिम एशियाका साहित्यहरू हुन् । कथा र आख्यान दुवैको लक्षण बोकेको प्रारम्भिक नेपाली गद्य साहित्यको स्रोत संस्कृत-प्राकृत अपभ्रंश थियो ।

माध्यमिक कालमा नेपाली गद्य साहित्यमा पूर्वी एशियाको संस्कृत प्राकृत अपभ्रंशको मात्र प्रभाव नपरेर पश्चिमी एशियाको फारसी, अरबी र उर्दू भाषाको पनि प्रभाव पर्‍यो । १९४६ देखि १९९० सम्म लेखिएका आख्यानहरूको केन्द्रविन्दु रहेको वीरसिक्का माध्यमिक कालको महत्वपूर्ण रचना हो । त्यस भित्र निहित रहस्य, रोमाञ्च, अति काल्पनिकता, अति प्राकृतिक तत्व जस्ता प्रवृत्तिहरूको प्रभाव माध्यमिक कालका समस्त आख्यान साहित्यमा परेको छ । त्यसैले यो ' वीरसिक्का ' एउटा युगान्तकारी रचना भएको छ ।[१] यसले भक्ति र नैतिक सन्दर्भबाट आख्यान साहित्यलाई मुक्त गर्दै शृंगार र रोमाञ्चको दुनियाँमा प्रवेश गरायो । प्रारम्भिक कालमा आख्यान साहित्य वेद, पुराण, रामायण र महाभारतमा आधारित धार्मिक, नैतिक र आध्यात्मिक शिक्षाको घेराभित्र मात्र सीमित थियो । माध्यमिक कालमा यसले अरबी, फारसी र उर्दू साहित्यको शृंगारिक र रोमाञ्चकारी घेरा भित्र पनि प्रवेश गर्‍यो । वास्तवमा नेपालको तत्कालीन परिवेश त्यस्तै आख्यान साहित्यलाई बढावा दिने खाल्को थियो ।

---

१ वासुदेव त्रिपाठी, विचरण, पृ० ८५

वीर शमशेर प्रधान मंत्री भए पछि नेपालका दरबारमा नैतिक बन्धनहरू खुकुलिँदै गए र नेपालको अभिजात वर्ग विलास, शृंगार र विलासिताको मदमा डुब्न थाल्यो ।

उपन्यास साहित्यसित परिचित भएर कलम चलाउने पहिलो व्यक्ति सदाशिव शर्माले " उपन्यास तरंगिणी " नामक मासिक पत्रिका निकालेर त्यसमा धारावाहिक रूपमा उपन्यास छपाए । १९६० मा गिरिश बल्लभ जोशीको " वीरचरित्र " उपन्यासको पहिलो भाग छापियो । यस उपन्यासले वीरसिक्का कै प्रवृत्तिलाई अँगाल्यो तर यसमा नेपालको आफ्नो राष्ट्रीयता, संस्कृति, पेशा, नेपाली नाम र नेपाली परिवेशलाई पहिलो पल्ट भित्र्यायो । " वीरसिक्का " कै जस्तो मंत्रबलको प्रयोग यसमा भए तापनि यस उपन्यासको " नायक अग्निदत्त संघर्षमय पृष्ठभूमिमा सक्रिय देखा पर्छ, अग्नि जस्तै भएर उ परिवर्तनको ज्वाला बोकेर हिंडिरहेको छ । तत्कालीन नेपालको सन्दर्भमा हेर्दा वीर चरित्र आफ्नो साहसिक रोमाञ्च घेरा भित्रै पनि विद्रोहको स्वर दिन्छ ।"[१] यसरी यस उपन्यासले अद्भुततामा पनि अलिकति आधुनिक परिवेशलाई भित्र्याएर आधुनिक नेपाली उपन्यासतिर संकेत गर्‍यो ।

१९९० सम्मका कुनै पनि उपन्यासहरूमा गतिलो औपन्यासिक प्रवृत्ति देखिएन । गोरखापत्र र सुन्दरी पत्रिकाले धारावाहिक रूपमा उपन्यासको प्रकाशन गरेपनि तो उपन्यासहरू अधूरै रहे ।

आधुनिक नेपाली उपन्यासको पहिलो कृतिको रूपमा खरदार विष्णुचरण श्रेष्ठले लेखेको " सुमति " (१९९१) उपन्यास मानिन्छ । यस उपन्यासमा माध्यमिक कालका उत्तरकालीन उपन्यासहरूको प्रवृत्ति पाइए तापनि यसले सामाजिक सन्दर्भलाई छोएर नवीनतालाई अंगालेको छ । औपन्यासिक गठनमा परिपक्वता नभए तापनि समाजोन्मुखी पात्र र सामाजिक धरातललाई छोइदिनु यसको आधुनिकता भएको छ । १९९१ मा नै प्रकाशित रूद्रराज पाण्डेको " रूपमती " ले समसामयिक नेपाली जीवनको

-----------------------------

१ वासुदेव त्रिपाठी, विचरण, पृ० ८८

सजीव चित्रण प्रस्तुत गर्दै सामाजिक यथार्थ धरातललाई छोएको छ । यस उपन्यासले नेपाली मध्यम वर्गीय परिवारको कथालाई आत्मसात गरेको छ । यथार्थवादी धरातललाई समातेर आदर्शतिर नै ढल्केको भए तापनि यसमा ' सुमति ' मा जस्तो नैतिकता र औपदेशिकताको बोझ छैन । रूप नारायण सिंहको' भ्रमर '(१९९३) आधुनिक नेपाली उपन्यास साहित्यको प्रथम परिष्कृत कृतिमा गनिन्छ । ' वास्तवमा ' सुमति ' को आरम्भ ' रूपमती ' मा विकसित हुन्छ र ' भ्रमर ' मा पूर्ण हुन्छ । त्यसैले आधुनिक नेपाली उपन्यासको पूर्ण-प्रतिष्ठा यो तीनोटै कृतिहरूको उत्तरोत्तर विशिष्ठ सामुहिक उपलब्धि हो ।'[१] ' भ्रमर ' ले आधुनिक नेपाली उपन्यास साहित्यलाई यूरोपको अठारौं शताब्दीको औपन्यासिक प्रवृत्ति दिएर पूर्ण प्रतिष्ठित त गर्यो तर यसपछि निक्कै वर्षसम्म यस बराबरको उपन्यास नेपाली साहित्यको दितिजमा देखा परेन ।

लैनसिंह बाङ्गदेलले' मुलुक बाहिर '(२००४) उपन्यास लेखेर यथार्थवादी प्रवृत्तिलाई नेपाली साहित्यमा भित्र्याए । मुलुक बाहिरमा नेपालको दयनीय आर्थिक स्थितिले गर्दा वर्षौंनो धन कमाउन मुङलान पस्न बाध्य भएका सोझा गरीब नेपालीहरूको शोचनीय स्थितिको चित्रण गरिएको छ । निम्न वर्गीय नेपाली जीवनको सफल यथार्थ चित्रण गरेर यस उपन्यासले नेपाल भित्र र नेपाल बाहिर पनि आर्थिक मारमा परेका नेपालीहरूको मानसिकतालाई समेत केलाएको छ । निम्न वर्गीय नेपालीहरूको नियति नेपाल भित्र र नेपाल बाहिर पनि केही फरक छैन । जताततै उनीहरू शारीरिक र मानसिक चोट खाइरहेछन् र नियतिको लेखा स्वीकारी रहेछन् । फ्रान्सेली यथार्थवादी साहित्यबाट प्रभावित भएर कलम चलाउने बाङ्गदेलको ' लंगडाको साथी '(२००८) उपन्यासले दीनहीन लङ्गडो र उसको साथी कुकुरको अति करुणात्मक र हृदयविदारक चित्र प्रस्तुत गरेको छ । यस उपन्यासमा कथा-तत्वको ह्रास, करुणाद्र भावधारा, यथार्थ परिवेश र क्षण क्षणमा बदलिने मानव मस्तिष्कको हूबहू चित्रण त छँदैछ यसैबाट चेतना प्रवाह ( Stream of consciousness) परक नयाँ शैलीको पनि राम्रो प्रयोग भएको छ ।[२] रूप नारायण सिंहले भ्रमर

---

१ वासुदेव त्रिपाठी, विचरण, पृ० ८८

२ ठाकुर प्रसाद पराजुली, नेपाली उपन्यासको ऐतिहासिक विवेचना, पृ० २३

उपन्यासद्वारा स्वच्छन्दतावादी प्रवृत्तिलाई उपन्यासमा भित्र्याएका थिए । बाङ्गदेलले अतियथार्थवादी प्रवृत्तिलाई अंगालेर नेपाली उपन्यास साहित्यमा अर्को आयाम थपे । अच्छाराई रसिकले आफ्ना उपन्यासमा दार्जीलिङ्गमा बसोबासो गरेका नेपालीहरूको जीवनको झल्को र उनीहरूमा आएको जागरणको यथार्थ चित्रण गरे । डायमण्ड शमशेरले ' बसन्ती '(२००६) र ' सेतो बाघ '(२०३०) लेखेर राणाकालीन नेपालको भयात्मक स्थिति, रोमान्स, ईर्ष्या, षडयन्त्र जस्ता धेरै रहस्यहरूलाई उदाङ्गो पारेका छन् ।[१]

' भ्रमर,' ' मुलुक बाहिर ' र ' लंगडाको साथी ' जस्ता प्रतिनिधि उपन्यासहरू दार्जीलिङ्गबाट लेखिए । परिवेश, पात्रहरू, यिनीहरूले भोगेको जीवन आदि सबै नेपाल बाहिर बस्ने नेपालीहरूले भोगेको र उनीहरूले बाँचेको जीवन यी उपन्यासहरूमा अभिव्यक्त छ ।

सामाजिक यथार्थवादी प्रवृत्तिले नेपाली उपन्यास साहित्यको धरातलमा प्रवेश गरेकै थियो । समाजवादी यथार्थतालाई अंगालेर पनि उपन्यासहरू लेखिए । मार्क्सवादी सैद्धान्तिक विचारधारालाई साहित्यको माध्यमद्वारा ओह्राल्ने हृदयचन्द्र सिंह प्रधानले ' स्वास्नीमान्छे ' (२०११) उपन्यास लेखेर तिनताकका नेपाली नारीहरूको दुरावस्था, वेश्या हुन बाध्य गराउने स्थिति र सामन्ती मनोवृत्ति भएको समाजमा नारीको भोग्या रूपको चित्रण मार्मिक ढङ्गले गर्दै आधुनिक नारीमा आएको चेतनाको स्वरलाई क्रान्तिकारी ढङ्गले प्रस्तुत गरेका छन् । औपन्यासिकताको दृष्टिकोणले परिष्कृत नभएको उनको उपन्यासमा मार्क्सवादी सिद्धान्तको ठाडो फलाको देखिन्छ र समाज सुधार गर्ने आदर्शतिर ढल्केको पाइन्छ । समाजवादी यथार्थवादलाई अंगालेर लेखिएका अरू उपन्यासहरू ' मञ्जरी '(२०१६) 'आशमाया'(२०२५)'धरती अझै बोल्दै छ'(२०२७) आदिमा पनि मार्क्सवादी सिद्धान्तले नै अभिव्यक्ति पाएको छ तर'एक पालुवा अनेको याम '(२०२६) र

-----------------------------

१ उही, पृ० २३

' चपाइएका अनुहार '(२०३०) मा भने उपन्यासको कलात्मक परिष्कृति देखा पर्छ ।

'पल्लो घरको भ्याल '(२०१६) गोविन्द बहादुर मल्ल गोठालेद्वारा लिखित प्रथम सफल मनोविश्लेषणात्मक उपन्यास हो । फ्रायडीयन मनोविज्ञानको आधारमा लेखिएको यस उपन्यासमा यौन कुण्ठा ग्रसित नारीको मनोवैज्ञानिक चित्रण प्रस्तुत गरिएको छ । यसपछि २०१८ मा ' अनुराधा ' जस्ती चेतनशील बौद्धिक असाधारण नारी पात्रको मनोविश्लेषण गर्दै विजय बहादुर मल्ल उपन्यास क्षेत्रमा प्रवेश गर्छन् । यस उपन्यासले नायिका अनुराधाको माध्यमबाट नयाँ र पुराना मान्यताहरूको द्वन्द्व देखाएको छ भने नायक कोमलमानको माध्यमद्वारा अनास्था, निस्सारता, शून्यबोध र पलायनवादी स्वर समेत भिकेको छ । जेम्स् ज्वाएसको उपन्यास ' युलिसिस ' र अरू पनि पाश्चात्य उपन्यासकारहरूको प्रभावबाट प्रभावित यो उपन्यास नेपाली उपन्यास जगतको विशिष्ठ रचना हो ।[१]

पारिजातको ' शिरीषको फूल '(२०२२) उपन्यासमा दोस्रो महायुद्धपछि पश्चिमी देशहरूमा आएको अनास्था, विसंगति, शून्यता र निस्सारताको स्वर गुञ्जेको छ । कामु, काफ्का र सार्त्रका अस्तित्ववादी दर्शनको प्रभावमा लेखिएका पारिजातका उपन्यासहरू ' शिरीषको फूल ' र 'महत्ताहीन '(२०२५) नेपाली समाजको कुनै पनि व्यक्तिले भोगेको जीवनको यथार्थ चित्रण नभएर पश्चिमी साहित्यको प्रभावमा परेर ज्यादै संवेदनशील भएर लेखिएका छन् । बौद्धिक, चेतनशील र संवेदनशील साहित्यकार आफ्नै देश र समाजको घेरामा मात्र सीमित नरहेर विश्वको गतिविधिसित पनि परिचित हुन्छ त्यसैले उ आफ्नो साहित्यमा नवीन विचारधारा र नवीन मूल्य भित्र्याउन पुग्छ । हाम्रो आधुनिक साहित्यमा पश्चिमी साहित्यमा आएका हरेक वाद, सिद्धान्त, धारणा, मूल्य र मान्यताहरूको प्रभाव परेको छ । त्यसैले नेपाली समाजमा मेल नखाने प्रवृत्तिहरूले पनि साहित्यमा प्रवेश पाएका छन् ।

--------------------------------

१ ठाकुर प्रसाद पराजुली, नेपाली उपन्यासको ऐतिहासिक विवेचना, पृ० २८

आज हाम्रो साहित्यमा देखा परेको व्यक्तिवादी स्वर पश्चिमी साहित्यको योगदान हो । साहित्य जति विकसित हुँदै गयो त्यति त्यो व्यक्तिनिष्ठ हुँदै स्वमा केन्द्रित हुन पुग्यो । विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासहरूमा व्यक्तिवादी स्वर गुञ्जिन्छ । कथामा उनी व्यक्तिनिष्ठ मनोवैज्ञानिक धरातललाई नै बढी समात्न पुगे पनि उपन्यासमा मनोवैज्ञानिक धरातलमा उभिएर अस्तित्ववादी दर्शनलाई समेत सशक्त रूपले अंगाल्न सफल भएका छन् ।

आधुनिक नेपाली उपन्यास साहित्यमा सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद र अस्तित्ववादलाई अंगाल्दै विभिन्न उपन्यासकारहरूले उपन्यास लेखे । सबै उपन्यास र उपन्यासकारको लेखो नलगाएर आधुनिक नेपाली उपन्यास साहित्यले हिंडेको बाटो सरसर्ती केलाउने जमर्को मात्र यहाँ गरिएको छ ।

## २.४ आधुनिक नेपाली कथा र उपन्यासका नारी चरित्र

### २.४.१ आधुनिक नेपाली कथाका नारी चरित्र

आधुनिक नेपाली कथाको प्रारम्भिक कालमा आदर्शोन्मुखी यथार्थवादी प्रवृत्तिलाई आधार बनाएर आदर्श हिन्दू नारीको महिमा गाइयो । प्राचीन हिन्दू संस्कृति र परम्परा अनुसार छोरीको सानै उमेरमा बिहे हुनु, उसले पतिको घरको कडा अनुशासनमा सहनशीला र कर्तव्यपरायण भएर उभिन सक्नु, पतिले सौता ल्याएमा वा अरू रखौटीहरू राखेमा अथवा यस्ता अरू कुनै सम्बन्ध स्थापित गरे तापनि पतिव्रता पत्नीले एक शब्द विरोधमा नबोली धैर्यधारण गर्नु र त्यस स्थितिमा पनि पतिलाई देवता तुल्य मान्नु , परिवारका अन्य सदस्यबाट भएको थिचोमिचो भएपनि सबै शिरोधार्य गर्नु, यसपरतिर अरू कुनै विघ्न बाधा र आपत्ति आइपरे नियतिको लेखा भनी चूपचाप सहनु, सहन नसके बरू आत्महत्या गर्नु नै आदर्श नारीको परम कर्तव्य मानिन्थ्यो । ममता, दया, क्षमा, सेवा र त्यागकी प्रतिमूर्ति भएकी आदर्श हिन्दू नारी यही रूपमा मात्र पुजनीया मानिन्थी । १९९१ देखि १९९४ सम्म

नेपाली कथा साहित्यमा चित्रित नारी रूपको चर्चा गर्दै ईश्वर बरालले लेखेका छन्, ' नेपाली समाजमा नारीको जन्म हारेको कर्म अर्काको सुसारे भन्ने प्रोक्तिका दृष्टान्तस्वरूप यस कालका कथामा नारीका दलित र शोषित रूपको चित्रण प्रशस्त पाइन्छ । बाल विवाहको कटु परिणाम, लोग्नेले सौता हालेको, सासूले बुहारीलाई अचाक्ली दलेको औ सताएको, विधवाको कारुणिक दशा, किशोरीको प्रौढसँग विवाह भएपछि युवावस्थातिर वैधव्यले गर्दा दुःखमय परिस्थितिका क्रममा पर्नु पर्ने परिस्थिति, युवकसँग प्रेम गर्न खोज्दा समाजका विधानले थुनिएका युवती इत्यादि विषय वस्तुको प्रदर्शन यी कथामा भएको छ तर नारीको औदार्य तथा श्रेष्ठांशको आदर्श पनि यस कालका कथामा पाइन्छ ।'[१]

गुरु प्रसाद मैनालीद्वारा लिखित कथा 'नासो '(१९९२) मा सुभद्राको त्याग र सेवामय जीवनलाई कथाकारले महिमामय बनाएका छन् । सुभद्रा सर्वलक्षण सम्पन्न आदर्श नारी हुँदा हुँदै पनि एउटा खोटले गर्दा दुःख भोग्नु पर्‍यो । हिन्दू नारीका लागि सन्तान नभएर वन्ध्या भएर बस्नु ठूलो अभिशाप हो । देवीरमण जस्तो विवेकी पुरुषले पनि ' सन्तान बिना स्वर्गको बाटो छेकिन्छ भन्ने हिन्दू धर्म जानोस् । भोगको लालसाले होइन धर्मका आज्ञाले विवाह गरेको हुँ '[२] भनेर सुभद्रामाथि सौता हाले । सौताको सन्तानलाई आफ्नै सन्तान मानेर प्रेम र स्नेहको वातावरणमा हुर्काउँदा पनि न सौता लक्ष्मीले न सौताका धनी देवीरमणले सुभद्रामाथि न्याय गर्न सके । साह्रै अवहेलित र तिरस्कृत स्थितिलाई धान्न नसक्ने स्थितिमा पुगेपछि सुभद्रा पतिगृहलाई त्यागेर गइन् । पशुपतिनाथको मन्दिरमा ' सद्‍बोउ ' छर्न गएको नौलोलाई अकस्मात भेटेपछि घरको दुर्दशाको हाल सुनिन् । सौताका साह्रा कटु वचनहरूलाई संभेर पनि उनले घर छोड्नेकोमा दोषी आफैंलाई ठान्दै घर फर्किन् । आदर्श नारीको यही पतिपरायण , कर्तव्यनिष्ठ, त्यागमय, सेवामय, ममतामय र क्षमाशील रूपको चित्रण नै यस समयका आदर्शोन्मुखी यथार्थवादी

-----------------------------

१सं·ईश्वर बराल, भ्यालबाट, पृ० ११२
२ गुरु प्रसाद मैनाली, नासो, पृ० ३

कथाहरूको उद्देश्य भयो । यो कथाहरूले नारीको आदर्श रूपलाई चित्रण गर्नुका साथै तत्कालीन सामाजिक परिस्थितिमा नारीले विभिन्न रूपमा भोगेको जीवनको यथार्थ चित्रण पनि गरे । ' परित्यक्ता नारीको करुण गाथा, सौतेनी आमाको दुर्व्यवहार औ औदार्य, वृद्धकी तरुणी भार्याको विवशता, कर्कशा स्वास्नीको अलच्छिन बानी, समाजका कर्तृपक्षका लौह अंकुशले गर्दा प्रेमिकाले प्रेमीसँग बिहे गर्न नपाउनु, सुन्दरी स्त्री बडाहाकिमको कामवासनाको शिकार हुनु, लोग्नेका भ्रमले गृहस्थी भण्डै भण्डै खजमजिन आँटनु, सासूले बुहारीलाई औधी कज्याएको, जागीर खाने साधारण बहिदार लोग्नेको मृत्युपछि स्वास्नीमाथि यातना खनिएको, दरबारमा बन्दिनी हुने युवती केटीको आतप्त मनोदशा एवं मनोभाव र पिल्सिएका हृदयको मार्मिकता, अभिजात्य कुलको छोरीको बेंस चढेको धेरै भइसक्ता पनि बिहे नहुँदा कामेच्छापूर्ति गर्ने स्वाभाविक व्यग्रता, छोरीका बिहेको समस्या, मातृहृदयका स्नेहांशको उच्चता, विधवाका विभिन्न कारुणिक परिस्थिति, दुर्बल हृदय निर्धन स्त्री देखी मौका छोपी स्वार्थ साधना गर्ने पैसावालको अनैतिकता इत्यादि विविध विषययुक्त कथाहरू '[१] यस कालमा लेखिए । १९९५ देखि २००३ सम्मका कथामा मात्र होइन नारीको यही पारम्परिक रूपको चित्रण २००७ साल पछिका कथाहरूमा समेत पाइन्छ । हिन्दू समाज, हिन्दू संस्कृति, धर्म, परम्परा र नैतिकताले नारीलाई जुन स्थानमा राखेको छ त्यसको आधारमा नारीको उत्कृष्ट र निकृष्ट रूपको चर्चा गरेर उत्कृष्ट रूपको प्रशंसा र निकृष्ट रूपको निन्दा गर्नु आदर्शोन्मुखी यथार्थवादी कथाको उद्देश्य रहेको छ ।

१९९२ मा विश्वेश्वर प्रसाद कोइरालाले लेखेको मनोवैज्ञानिक कथा ' चन्द्रवदन ' मा चन्द्रवदनको मानसिकतालाई केलाउने काम भएको छ । पति जेलमा बसेको वर्ष दिन भएपछि अर्को घरको बारदलीमा सधैं देखापर्ने जुल्फीवालतिर आकर्षित भएको चन्द्रवदनमा नारीको आदर्श रूप हेर्ने प्रयास कथाकारको छैन । नारी मन यस्तो परिस्थितिमा कस्तो स्थितिबाट पार गर्छ भन्ने मनोवैज्ञानिक

-------------------------------

१ ईश्वर बराल, भ्यालबाट, पृ० ११५

पक्षलाई केलाएर त्यसलाई यथावत राखिदिनु उनको उद्देश्य रहेको छ । मिश्रको 'त्यो फेरि फर्कला ?' (१९६७) की सानीको चरित्र चित्रणमा पनि उसको सामाजिक पक्षलाई केलाउनु कथाकारको अभीप्सित नभएर मानसिक पक्षलाई उधिन्नु भएको छ । सामाजिक कथाहरूमा नारीको पारम्परिक रूपको जुन चित्रण पाइन्थ्यो त्यो मनोवैज्ञानिक कथामा पाइएन । नारीले समाजको नेतृत्व गरेको नदेखाएर नारी मनोविज्ञानको मात्र ख्याल गर्दै कथाहरू लेखिए अत: नारीको समाज विरोधी स्वरूपलाई प्रारम्भिक कालका मनोवैज्ञानिक कथाहरूले देखाएनन् तर मनबाट चिहाउने अनैतिक र असामाजिक तत्त्वलाई भनें मनोवैज्ञानिक सत्यताको आडमा चित्रित गरे । बाल विवाह, अनमेल विवाह, बूढा व्यक्तिसित तरुणी नारीको विवाहबाट उत्पन्न मानसिक तनाउ, मन परेको व्यक्तिसग विवाह गर्न नपाएकाले भएको मानसिक अतृप्ति इत्यादि कारणहरूले गर्दा नारी मनमा उत्पन्न विभिन्न प्रकारका विचारहरूलाई मनोवैज्ञानिक ढङ्गले केलाउने काम आधुनिक मनोवैज्ञानिक कथाकारहरूले गरे । नारी मनको सूक्ष्म अध्ययन गर्नु र तत्कालीन सामाजिक पृष्ठभूमिमा नारी मनको विभिन्न पक्षलाई मनोवैज्ञानिक सिद्धान्तका आधारमा केलाएर चित्रित गर्नु नै यिनीहरूको मुख्य उद्देश्य भयो । विश्वेश्वर प्रसाद कोइरालाका कथाहरू 'चन्द्रवदन' 'द्वन्द्वप्रेम' 'विहा' 'कर्नेलको घोडा' 'पवित्रा' 'सखी' 'स्वेटर' 'सान्नानी' 'राइटर बाजे' आदिमा मुख्य रूपले नारीको मनलाई नै केलाउने काम भएको छ । कोइरालाले जस्तै मिश्रले पनि आफ्ना कथामा नारीलाई नै मुख्य स्थान दिएका छन् र तिनीहरूको मानसिकता-लाई केलाउने कोशिश गरेका छन् । 'त्यो फेरि फर्कला ?' की सानी, 'अनि --?' की रत्नमाया, 'व्यर्थता' की करुणा' 'मेयाँसाहेब' की मेयाँ, 'बन्दना' की बन्दना, 'तपस्या' की भामा, 'गुनकेशरी' की गुनकेसरी, 'गङ्गा' की गंगा, को प्रेमिका, पत्नी आदि विभिन्न रूपमा चित्रण गरेर उनले नारीका विविध रूपको परिचय दिएका छन् । उनका नारी पात्रहरू पुरुष प्रधान समाजको विधि विधान-लाई शिरोधार्य गर्दै विषम परिस्थितिमा पनि गुजारा गरिरहेका हुन्छन् । कथाको आरम्भमा चतुरा, फरासिला, गर्विला र विद्रोही चरित्रका नारी देखाउन खोज्दै कथालाई अगाडिसम्म बढाएर लगे पनि कथाको अन्तसम्म पुग्दापुग्दै उनका नारी

पात्रको विद्रोही रुप शान्त र परास्त हुन्छ । मनोवैज्ञानिक कथाकार भएकाले होला नारीको विद्रोही रुपलाई देखाउनु भन्दा नारी मनका भावलाई सूक्ष्मातिसूक्ष्म तरिकाले केलाउनुमा नै उनको ध्यान एकाग्र भएको छ ।

' के गरेकी शोभा!' (२०११) मा गोविन्द बहादुर मल्ल गोठालेले यौन मनोविज्ञानको आधारमा यौन पीडित नारीको मनोदशाको गहिरो चित्रण गरेका छन् । यौन पीडित असाधारण नारी पात्रको मानसिक ग्रन्थिलाई मनोवैज्ञानिक चक्षुले खोदल्ने र त्यसको हावभाव, आचरण र व्यवहारबाट उसको असाधारण मानसिक स्थितिको बारेमा प्रकाश पार्ने काम खूबै राम्रो ढङ्गले भएको छ । शोभा धेरै बोल्दिन उ धेरै सोच्छे मात्र । ' चुनाव ' (२०१६) को बाबानानीको सूक्ष्म मनोवैज्ञानिक अध्ययन गर्दै गोठाले उसको नारी व्यक्तित्वमाथि पनि प्रकाश पार्छन् । चुनाव अवश्य जित्छु भन्ने विश्वास राख्ने लोग्नेलाई ' नालायक, लफंगा --- र तपाई बाबुले कमाएको बीस मुरी धानमा बाँच्ने र अ, भाले बिरालो जस्तै केटाकेटी-लाई भोको नाङ्गो पारेर मार्ने ।'[१] भन्न गाह्रो मान्दिन । ' कृष्णमैयाँ (२०१६) को कृष्णमैयाँ पढे लेखेकी, नारी अधिकारको लागि लड्ने, साहसी नारीको रुपमा उभिएकी छ । उसको मानसिक पक्षको होइन, गर्विलो र साहसिलो व्यक्तित्वको परिचय दिनु कथाकारको अभीष्ठ रहेको छ । तर ' चिन्हा ' (२०१६) की नानी-मैयाँ, ' मेरो बाबा ' (२०१६) की भाउज्यूमा भनें ' गोठाले ' को नारी मनलाई गहिरो गरी केलाउने मनोवैज्ञानिक पद्धति नै कायम रहेको छ । पोषण पाण्डेय र प्रेमा शाहका कथामा नारी प्रकृतिको स्वाभाविक चित्रण भएको छ । पोषण पाण्डेको ' भिनाजुको स्वेटर ' मा आफ्नू र लोग्नेको बीचमा आउने आफ्नै बहिनीप्रति दिदीको स्वाभाविक ईर्ष्याभावको मनोवैज्ञानिक चित्रण छ । प्रेमा शाहको ' लोग्ने ' कथामा विधवा दिदीले आफ्नै बैनीलाई विवाह गर्न भनी हेर्न आउने केटोको कल्पना गर्दै आफूलाई असाधारण मानसिक स्थितिमा पुर्याएकी छ ।

---

१ गोविन्द बहादुर गोठाले, कथै कथा, पृ० १५

सामाजिक कथाहरू र मनोवैज्ञानिक कथाहरूमा हाम्रो तत्कालीन समाज व्यवस्थाले गर्दा नारीहरूले कुन सामाजिक र मानसिक स्थितिबाट गुज्रिनु परिरहेको छ भन्ने कुरालाई चित्रित गरेका छन् ।

२.४.२ आधुनिक नेपाली उपन्यासका नारी चरित्र

कथामा जस्तै उपन्यासहरूमा पनि नारीहरूको चित्रण समकालीन सामाजिक अवस्था र नैतिक मान्यताहरूबाट प्रभावित छ ।

आदर्शोन्मुखी यथार्थवादी उपन्यासहरूमा नारीको चित्रण गर्दा उपन्यासकारहरूले नारीको उत्कृष्ट र निकृष्ट दुवै चरित्रमाथि प्रकाश पार्दै हिन्दू सभ्यता, संस्कृति, परम्परा, धर्म, नैतिकता र सामाजिक मान्यताले आदर्श ठहराएको चरित्रलाई राम्रो र यसको विपरीत चरित्र भए नराम्रो भनी छाप लगाए । यस अनुसार नारीको त्यागमय, प्रेममय, सहनशील, कर्तव्यपरायण र क्षमाशील रूपको महिमा गाइयो । नारीको परमुखापेक्षी, निमुखा, अबला र शान्त रूपको गुणगान गरियो । छोरी, बुहारी, बहिनी, पत्नी, प्रेमिका, सासु र आमाका रूपमा नारीका विभिन्न रूप भए । यसै रूपका आधारमा उनीहरूले गर्नु पर्ने कर्तव्य, व्यवहार र उनीहरूको आचरणमा ध्यान दिइयो । आदर्श नारी हुनको निम्ति उसले पतिकी भोग्या हुनुपर्‍यो । सम्पत्तिको रूपमा पतिले उसको उपयोग र उपभोग गर्‍यो । सासुको कर्कशा स्वभावलाई शान्तस्वभावले धैर्यपूर्वक शिरोधार्य गर्नु उसको परम कर्तव्य मानियो नारीहरूको दयनीय, असहाय, अनाथ र अबला रूपका प्रति पुरुषार्थी पुरुष समाजले सहानुभूति देखायो । यसैले पुरुषको सर्वेसर्वा र नारीको सर्वहारा रूपको चर्चा नै आदर्शोन्मुखी यथार्थवादी उपन्यासहरूमा पाइन्छ ।

रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) उपन्यासमा रूपमतीलाई उत्कृष्ट नारी रूपमा र बरालपुत्रीलाई निकृष्ट नारी रूपमा उभ्याइएको छ । उपन्यासकारको उद्देश्य आदर्श हिन्दू नारी चरित्रको महिमा गाउनु र समाजमा यस्तै नारी चरित्रहरूलाई स्थान दिनु रहेको छ । उपन्यासकार भूमिकामा लेख्छन्, 'कैयन् सासू बज्यैहरूले

ग्रन्थकारलाई मेरो कुरो काटेर गन्थन् लेखेको भन्ने दोषारोपण लगाए, कैयन् बरालपुत्रीहरूले हाम्रो पोल खोल्ने भनेर सरापे, कैयन् बरालपुत्रीहरूले हाम्रो पोल खोल्ने भनेर चिढिए तर कुनै घर विशेष व्यक्ति विशेषलाई यो उपन्यास लेखिएको होइन । यो त विषालु वातावरणले दूषित गराएको गार्हस्थ्य जीवन आनन्दमय तुल्याउन गरेको प्रयास मात्र हो ।'[१] उपन्यासको पुरुष पात्र रास बिहारी भन्छ, ' रूपमती मान्छे त बहादुरै रहिछन् । पहिले सासुको बुहार्तन पनि सहेरै बसिन् । पछि देउरानीले त्यत्रो दु:ख दिइन् र पनि नराम्रो वचन भनेको गर्दै गरिनन् । कैयन पल्ट देवरलाई आपदबाट बचाइन् । पछि हुँदा हुँदा त मरिसकेकालाई ल्याएर सुसुर्को गरेर जुनि नै फेरि दिइन् । स्याबास ! आइमाई भनेको त्यस्तैले जन्म लिनुपर्छ ।'[२] उपन्यासकारको नारी आदर्श पनि यही हो ।

रूपनारायण सिंहको ' भ्रमर '(१९९३) उपन्यासले पनि वीणाको माध्यमबाट नारीको दिव्य रूप र मायाको माध्यमबाट नारीको उदात्त रूपको चित्रण गर्दै नारीमा दिव्य रूप भएमा समाज भँडुवा इन्द्रशेखर जस्ता पुरुषहरू पनि समाज सुधारक बाटोमा लागेर देश, जाति र समाजको उत्थान गर्न सक्षम हुन्छन् भन्ने पाठ पढाएको छ ।

लैनसिंह बाङ्गदेलको ' मुलुक बाहिर '(२००४) यथार्थवादी पहिलो उपन्यासमा निम्न वर्गीय समाजमा नारीको कुन स्थिति छ त्यसैलाई चित्रित गरिएको छ । मसिनी र म्याउचीको जीवन यस अघिका नारीले भोगेको जीवन जस्तै घर गृहस्थीले खाएको छ । नारीलाई भोग्या र निजी सम्पत्ति सोच्ने पुरुषले उसलाई उसको निजी जीवन बाँच्न दिएको छैन । नारीका पर्यायवाची शब्दहरू कोमलता, ममता, दया, कर्तव्यपरायणता आदिलाई यसमा पनि उतिकै महत्व दिइएको छ, ' नारीमा हुनुपर्ने कोमलता, प्रेमले चुली भएको हृदय तथा कर्तव्यपरायणता यी ती

--------------------------------

१ रुद्रराज पाण्डे, रूपमती , पृ० घ (भूमिका)

२ उही, पृ० १२२

दुवै नारीमा देखनेका आँखामा नबिभाउने गरी आडम्बर शून्य रीतिले विराजमान भएका कुराले यी दुई नारी, नेपाली नारी समाजका प्रतीक जस्ता छन् ।`[१] भनी उपन्यासकारले भूमिकामा लेखेका छन् । `म्याउचीलाई रन बहादुरले माहिलाल औ भसिनीलाई माहिला मुजेलले सधैंका निम्ति त्याग गर्छ । यी दुबै पुरुष आफ्ना स्त्रीका चरित्रका विषयमा शंका गर्छन औ त्यही शङ्काले बुद्धिहीन भै क्षणिक उन्मादको आवेशमा रनबहादुर म्याउचीको हत्या गरेर पुरुष जातिको कठोर हृदयले, नारीका कोमल हृदयको कहिल्यै परख र कदर गर्न सक्दैन भन्ने कुराको प्रमाण दिन्छ ।[२] प्रेमीहरूले पनि सामाजिक मर्यादालाई त्यागेर विवाह गरेका छैनन् । `माइत घर` (२००७) की सानी हरिलाई माया गर्छ तर पनि म तिमीसितै बिहे गर्छु भन्न सक्दिन । त्यसैले इन्द्र बहादुर राई लेख्छन्, `नारी जीवन, असार्थ देखेकी छ सानीले किनकि उसले यसलाई अशक्त पाई । आफूलाई पराधीन पाई ।`[३]

लीलाध्वज थापाको `शान्ति` (२०१५) `मन` (२०१५) र `पूर्वस्मृति` (२०१६) मा नेपाली समाजमा व्याप्त कुरीति बाल विवाह र अनमेल विवाहले ल्याएको यौन अतृप्ति र यौन कुण्ठाको चित्रण पाइन्छ । ७ वर्षको उमेरमा ५८ वर्षको बूढासित विवाह भएर डेढ वर्ष पछि नै विधवा भएकी बालिका शान्तिको जीवनको मार्मिक कहानी `शान्ति` उपन्यासले प्रस्तुत गरेको छ । `मन` की विधवा शान्ता देवी आफ्नै देवरसित यौन सम्बन्ध राख्छे । `पूर्वस्मृति` की उतराको बिहे बूढो मेजरसित भएकाले उसको अतृप्त यौन इच्छाले उसलाई युवक विजयकी प्रेमिकाको हत्या गरेर त्यसको ठाँउमा आफू उसकी प्रेमिका भएर बस्न प्रेरित गर्‍यो । बालिकाको विवाह दाँत फुस्किसकेको बृद्धसित हुने हाम्रो धार्मिक र सामाजिक परम्पराले गर्दा हाम्रा नारीहरू कोही विधवा र कोही त्यसै पनि यौन कुण्ठाले ग्रसित असाधारण पात्र हुन पुगेका छन् । अशिक्षिता हाम्रा नारीहरूलाई पुरुष समाजले भोग्या र दासी बनाएर एउटा वस्तुको रूपमा प्रयोग गरिरहेको छ अत: यस्तो

-------------------------------

१ लैन सिंह बाङ्गदेल, मुलुक बाहिर, पृ० ग (परिचय - सूर्यविक्रम ज्ञवाली)
२ उही
३ इन्द्र बहादुर राई, नेपाली उपन्यासका आधारहरू, पृ० ८३

परम्परामा सुधार गरेर नारीको स्थितिमा परिवर्तन ल्याउनु पर्छ भन्नेतिर उपन्यासकारले ध्यान गरेका छन् तर त्यसभित्र पनि नारीलाई आफ्नै ठाउँमा राखेर आदर्श रुपा नारीको रुपमा हेर्ने पुरुष आँखा पनि उत्तिकै सजग नरहेको छैन । भुवनेश्वर कोइराला, अच्छा राई रसिक, इन्द्र सुन्दास, लीलाध्वज थापाले पनि आफ्ना उपन्यासहरुमा परम्परावादी नेपाली समाजमा नारीले भोगेको विविध परिस्थितिको चर्चा गर्दै विविध नारी चरित्रको चित्रण गरेका छन् । अतः आदर्शोन्मुखी यथार्थवादी सबै उपन्यासहरुमा तत्कालीन नेपाली समाजमा नारीको जीवन, उनीहरुको समस्या, नारी प्रति समाजको दृष्टिकोण आदिमाथि प्रकाश पार्दै नारी आदर्शको महिमा गाएर उनीहरुको अवस्थामा सुधार गर्ने सुधारवादी स्वर समेत गुञ्जिएको छ ।

समाजवादी उपन्यासहरुमा नारीको निर्धो, सहनशील र असहाय अवस्थाको चित्रण गर्दै केही यस्ता नारी चरित्रहरुलाई उभ्याइएको छ जुन नारी अन्याय र अत्याचारको घोर विरोध गर्छन् । स्वास्नीमान्छे (२०११) उपन्यासमा हृदयचन्द्र सिंह प्रधान समाजमा निमुखा भएर दुःख भोग्नु परेका मोतीमाया जस्ता नारीहरुको स्थिति प्रति दुःख प्रकट गर्दै नानीमैयाँ जस्तो विद्रोहिणी नारीको प्रभुत्वशाली व्यक्तित्वलाई उपन्यास साहित्यमा भित्र्याउँछन् । पुरुष समाजले नारीलाई भोग्या र दासी बनाएर जतिबेला मन लाग्यो उतिबेला घरबाट अफाल्ने र वेश्या हुन बाध्य गराउने परिस्थितिको विरोध गर्दै उनले नारी शोषणको विरोधमा आवाज निकाल्ने नारी पात्रको सृजना गरे तर उपन्यासकारको यो प्रयासमा पनि उही सुधारात्मक र आदर्शवादी आवाज नै मुखरित भयो । पुरुषले जति स्त्री राखे पनि हुने सामन्तवादी समाजमा खिलौना भएकी नारीले पुरुषले हेला गरेर घरबाट निकालेपछि पनि पशु सरह जताततै पुरुषकै आश्रय खोज्दै हिड्नु पर्छ । त्यस्तो अवस्थामा पनि पुरुषले नारीलाई काम वासनाको शिकार नै बनाउँछ । प्रमोदले कान्छो स्वास्नीको कुरा सुनेर आफ्नो सामर्थ्य र अधिकारको प्रयोग गर्दै मोतीमायाको आचरणमा लाञ्छना लगाएपछि उ मर्न जान बाध्य भई । आत्महत्या गरेर मर्न आँटेको बेलामा मोहन बहादुर जस्तो सामन्ती गुण्डाले भेट्यो । अनपढ, सोझी मोतीमायालाई अनेक आदर्शका कुरा गरेर घरमा ल्यायो तर वासनाको शिकार

बाहेक केही भएन । सामन्तकालीन नेपाली समाजमा नारीहरूको वासनात्मक रूप बाहेक अरू केही देखिएन । उसलाई कसैले पूजा गर्‍यो भने वासना कै निम्ति, लत्यायो भने पनि काम वासनाको दृष्टिकोणले अयोग्य भएपछि । नारी आर्थिक दृष्टिले पराश्रयी भएकाले पुरुषले यत्रो दुःख दिंदा पनि आफ्नो संरक्षण कै लागि मात्र पनि उसले पुरुषको शरण पर्नु पर्छ त्यसैले नारीको कमाउने क्षमता भएमा उ अमानवीय स्थितिबाट मुक्त हुन्छे भन्ने समाजवादी उपन्यासकारहरूले विचार प्रकट गरे । समाजवादी उपन्यास मार्क्सवादबाट प्रभावित छ । मार्क्सवादीहरू पुरुष र नारीहरूलाई समाजका बराबर अङ्गका रूपमा हेर्छन् र आर्थिक दृष्टिकोणले नारी पनि पुरुष सरह सक्षम हुनु पर्छ भन्ने कुरामा जोड दिन्छन् ।

नेपाली सामाजिक यथार्थवादी उपन्यासकारहरूले पनि नेपाली समाजका दलित पीडित नारीहरूको वास्तविक जीवनमाथि प्रकाश पार्दै उनीहरूको जीवनमा सुधार आउनु पर्छ भन्ने कुरामा जोड दिएका थिए । समाजवादी उपन्यासकारहरूले उनीहरूलाई बढी चतुर साहसी र विद्रोही पनि बनाए । ' स्वास्नीमान्छे ' की मैयाँनानी, बासन्ती, डी० पी० अधिकारीको ' आशमाया ' (२०२५) की आशमाया नेपाली सामन्ती मनोवृत्ति प्रति प्रहार गर्छन् । आशमाया भन्छे, ' त्यसै पिट्न पाइन्छ र अर्काको स्वास्नीलाई ? मेरो घरको धुरी कसले च्यात्दो रै छ हेरूँला ।'[१] सामाजिक यथार्थवादी उपन्यासमा नभएको नारी जागृतिको स्वर समाजवादी उपन्यासहरूमा देखियो । निम्नस्तरीय समाजका नारीहरूले पनि चेतनाको स्वर निकाले ।

मनोविश्लेषणवादी उपन्यासहरूमा नारीको मानसिक अवस्थालाई बढी केलाइएको छ । नारीको विभिन्न रूपमा चित्रण गरेर उनीहरूको चेतन, अर्द्धचेतन र अचेतन मनको गहिराइलाई पाठकका सामुन्ने राखिदिनु उनीहरूको प्रमुख विशेषता रहेको छ । नेपाली उपन्यास साहित्यमा यौन मनोविज्ञानको विशेष प्रभाव छ । फ्रायडले नारी मनोविज्ञानको सम्बन्धमा जस्तो धारणा व्यक्त गरेका थिए त्यस्तै धारणा यिनीहरूको पनि रहेको छ ।

---

१ डी० पी० अधिकारी, आशमाया, पृ० ७६

गोविन्द बहादुर मल्ल गोठालेको ' पल्लो घरको झ्याल ' (२०१६) र विजय बहादुर मल्लको ' अनुराधा ' (२०१८) नारी मनोविज्ञानमा आधारित उत्कृष्ट उपन्यासहरु हुन् । यी उपन्यासका नायिकाहरुको मानसिक अवस्था ज्यादै उल्भोको असाधारण र असामान्य छ । 'पल्लो घरको झ्याल ' की मिसरी यौन कुण्ठाले ग्रसित छ । इद, इगो र सुपर इगोको द्वन्द्व पराकाष्टामा पुगेको छ । एउटी विवाहिता आदर्श नारी भएर पनि पल्लो घरको झ्यालमा देखा पर्ने पर पुरुषाका प्रति अचेतन मनबाट आकर्षित भएको छ । चेतन मनले जति सुकै पल्लो घरको झ्यालमा देखा पर्ने युवकको विरोध गरे पनि उ त्यतातिर आकर्षित हुँदै जान्छे आफ्नो पति पनि हीरामान जस्तै कर्मठ, बलिष्ठ, हँसमुख र नीडर होस् भन्ने उसको चाहनाका विपरीत उसको लोग्ने सोझो, निर्धो दुब्लो र पुरुषार्थहीन छ । मिसरीको अचेतनमा आफ्नो पतिका प्रति घृणा र विरोध भाव उत्पन्न भै सकेको छ । आमा, दाजु, भाउजु, लोग्ने र सामाजिक मान्यताहरुको इज्जत गर्दागर्दै उ एकदिन लोग्नेको घर छोडेर हीरामानसँग पोइल जान्छे । यसमा उसको चेतन मनको केही दोष छैन । उसको अचेतन मनमा रहेको इदको शक्ति यति बलशाली भएर निस्कन्छ कि बाह्य संसारसित र इदसित पनि राम्रो सम्पर्क राखेर इदका पाशविक इच्छाहरुलाई धुमधुम्याउने अहम्को केही जोड चल्दैन न सुपर इगोका नैतिकता र सामाजिकताका आदर्शहरुको नै जोड चल्छ ।

मिसरीको असामान्य मानसिक स्थितिको कारण उसको अतृप्त काम इच्छा हो । यसै इच्छाले एक दिन मिसरीलाई अनायासै हीरामानको गाडो राखेको ठाँउतिर अग्रसर गराउँछ । यसरी उ सुट्टै लोग्ने घर कसैको वास्ता नगरी पोइल जान्छे । मिसरीको मनलाई खोतल्नु बाहेक यस उपन्यासको अरु केही लक्ष्य छैन । सामाजिक र आर्थिक स्थिति राम्रो, माइत र घरबाट सबैको माया पाएकी, पोइले शान्त र सोझो रुपमा उसको प्रेम दिए पनि मिसरीको अन्तरमनमा कुनै कुराको कमी थियो । त्यो कमी उसको मनमा पत्रा परेर बसेको थियो । एकदिन मौका पाएर बाहिरियो ।

'अनुराधा' (२०१८) मा विजय बहादुर मल्लले पढे लेखेकी, चेतनशील, निडर र बौद्धिक नायिकाको सृष्टि गरेका छन् । अनुराधा नेपाली उपन्यास साहित्यको अभूतपूर्व पात्र छ । उ आज सम्म नेपाली समाजमा देखा नपरेको आफ्नै धारणा र सिद्धान्तमा चल्ने बौद्धिक पात्र छ । उ समाज निर्मित नैतिकता र मान्यताहरूलाई मान्दिन । उ आफ्नो इच्छा अनुकूल बिहे गर्न चाहन्छे । आमा र दिदीले षड्यन्त्र गरेर उसको बिहे रत्नमानसित गरिदिएकोमा उसले ठूलो विद्रोह गरेको छ । षड्यन्त्र गरेर बिहे गरें भनी हल्ला फिँजाउने रत्नमानलाई मार्न नसकेकाले उ असाधारण मानसिक स्थितिमा पुगी । डाइरेक्टर रत्नमानसित बिहे गरेर धनको थाक र सामाजिक मर्यादा कमाउनेतिर उसका आमा र दिदीहरू इच्छुक होलान् तर अनुराधा होइन । अनुराधाका लागि जीवनमा महत्वपूर्ण कुरा धन वैभव र सामाजिक मर्यादामा छैन । अनुराधाका आफ्नै सिद्धान्तहरू, धारणाहरू, मान्यताहरू र चाहनाहरू छन् । यी सबैको स्थापना गर्न नसकेको स्थितिले मात्र उसलाई असामान्य चरित्र बनाएको छ । होशमा आएको बेलामा आफू जस्तै पढे लेखेको बुद्धिजीवी पात्र कोमलमानसित उ आफ्ना बितेका गौरवमय दिनहरू र मन पराएको पुरुषसित विवाह गरेर राम्रो घर राम्रा छोराछोरी जन्माउने इच्छा भएको कुरा व्यक्त गर्छे । अनुराधाको समाज विरोधी व्यक्तित्वलाई उपन्यासकारले विशेष महत्व दिएका छन् । हाम्रा बुद्धिजीवी चेतनशील नारी पात्रहरू सामन्तवादी, परम्परावादी र रूढिग्रस्त नेपाली समाजमा आफ्नो अस्तित्व कायम गर्न नसकेको स्थितिमा बौलाहिरहेछन् तर आत्मसमर्पण गर्न भने अबयिनीहरू तयार छैनन् । सामाजिकता र नैतिकताका आडम्बरी भूल भुलैयामा पढे लेखेका नारीलाई उल्झ्याउन सकिंदैन भनेर पढे लेखेको नारी मानसिकतालाई प्रतिनिधित्व गर्ने सशक्त नारी व्यक्तित्वलाई उनले उपन्यासमा उभ्याएका छन् ।

पारिजातको 'उपन्यास' शिरीषको फूल '(२०२२) मा सकमबरीको 'स्वाधीन र स्वआश्रिताले मनुष्यको एक्लोपनाको पुष्टि खोज्छ । ईश्वर त मान्दै मान्दिन बरी - उसको नहुनुमा पनि संसार जस्तो छ त्यस्तै चल्दै जान्छ । सार्त्रको आफ्नो कामको निम्ति मनुष्य उत्तरदायी हुन्छमा व्यवस्थाले निरवच्छिन्नता पाइरहे

जस्तो । तर ईश्वरत्वको अनुपस्थितिमा मानिसको निराश्रितता आफैलाई सम्बल बनाउन थाल्छ या एक्लिनुमा आफ्नो अस्तित्व आफैले वरण गर्ने भाव निहित हुन्छ भन्ने नास्तिक अस्तित्ववादीहरूको कथन सकमबरी मा प्रयोग भएको छ ।[१] सकमबरीको निरास जीवनले अस्तित्ववादी दर्शनको निस्सारता, अर्थहीनता शून्यता र रिक्ततालाई अगालेको छ । अस्तित्ववादी काफ्काको जोवन जस्तै पारिजातको जोवन पनि निराशाको कथा हो । उनी सकमबरीको माध्यमबाट आफ्नै जीवनको निराशा र पीडाको स्वर निकाल्छिन् । काफ्का अनिश्चितताको दशामा आफूलाई कैदी सम्झन्छन् । बिमारी, उद्विग्नता, अवसाद, शक्तिहीनता र एक्लोपनाले उनलाई निरन्तर प्रताडित गरिरहन्छ ।[२] सकमबरीको जीवन पनि यही हो । उ निस्सारतामा बाँचेकी छ । कामुको "द मिथ अफ सिसिफस" को सिसिफस जस्तै सकमबरी पनि निरन्तर यो जीवनको बोझ बहन गर्न अभिशप्त छ । सकमबरीको चरित्र चित्रणमा अस्तित्ववादी दार्शनिक कामुको निस्सारतावादी दर्शनले गहिरो अभिव्यक्ति पाएको छ ।

कोइरालाका नारी पात्रहरूको सन्दर्भमा पाँचौ अध्यायमा छुट्टै चर्चा गरिएको छ ।

-----

------------------------------

१ कृष्णचन्द्र सिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार, पृ० ३०७-३०८

2 Erich Hiller, Disinherited Mind, The World of Franz Kafka, p. 176